## ग्रेट, स्मार्ट, हरियाली, स्वच्छ, समृद्ध समाजवाद उन्मुख नमूना गाउँपालिका

## गाउँ टोल र घर घरमाः स्थानीय सरकार

भिमसेनथापा गाउँपालिकाको बाह्रौं गरिमामय गाउँसभामा उपस्थित गाउँपालिकाकी उपाध्यक्षज्यू, गाउँकार्यपालिका सदस्यज्यूहरु, गाउँसभाका सदस्यज्यूहरु, सभाका सदस्य सचिव एवम प्रमुख प्रशासकिय अधिकृतज्यू, सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरु, उपस्थित सम्पूर्ण पत्रकार तथा सञ्चारकर्मी मित्रहरुलाई हार्दिक स्वागत सहित न्यानो अभिभावादन व्यक्त गर्न चाहान्छु ।

सर्वप्रथम म यस महत्वपूर्ण घडीमा नेपालको सार्वभौमसत्ता, स्वाधिनता भौगोलिक अखण्डता, राष्ट्रियता र संघिय लोकतान्त्रिक गणतन्त्र प्राप्तिका खातिर महान जनयुद्ध, जनआन्दोलन, मधेस आन्दोलन लगायतका विभिन्न आन्दोलनका क्रममा अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञातअज्ञात महान शहीदहरु प्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु । घाइते योद्धाहरु प्रति उच्चसम्मान, वेपत्ता योद्धाहरुको स्मरण गर्दै सम्पूर्ण सहिद तथा वेपत्ता परिवारजनमा हार्दिक सम्मान व्यक्त गर्न चाहान्छु । परिवर्तनका लागि सर्घष गर्ने क्रममा घाईते तथा अपाङ्गता हुनुभएका सम्पूर्ण योद्धाहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

### उपस्थित गाउँसभाका सदस्य ज्यूहरु

भिमसेनथापा गाउँपालिकाले आगामी आर्थिक वर्ष २०८०।०८१ का लागि नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, नेपाल सरकारको पन्ध्रौं आवाधिक योजना, दिगो विकासका लक्ष्यहरु, प्रदेश सरकारको मार्गदर्शन तथा प्राथामिकताहरु र गाउँपालिकाको आवधिक योजना तथा सम्पूर्ण गाउँपालिकाबासी जनताको चाहाना र आवश्यकतालाई मध्यनजर गर्दै सीमित स्रोत र साधनका बाबजुद सिंगो गाउँपालिकाका जनताको विकास र परिवर्तनको संकल्पलाई आत्मासाथ गर्दै आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम तयार पारेको छु ।

पूर्वमा बुढिगण्डकी (आरुघाट बुङ्कोटघाट), पश्चिममा गोरखा नगरपालिका र दरौदी, उत्तरमा मोतिखोला (आरुघाट गाउँपालिका) र ताल खोला (बारपाक सुलिकोट गाउँपालिका) दक्षिणमा ज्यादुल खोला (सहिद लखन गाउँपालिका) को बीचमा अवस्थित साविकको मसेल, तान्द्राङ, धावा, बगुवा, अश्राङ्ग र वोर्लाङ्ग गा.वि.स.लाई मिलाएर नेपालका प्रथम प्रधानमन्त्री भिमसेनथापाको गौरवगाथाको उच्चसम्मान गर्दै बेलायती सामाज्यवादका विरुद्ध लडने ती स्वाभिमानी योद्धाको भावधारा पछ्याउँदै भिमसेन थापा गाउँपालिकाको पुर्नसंरचना भएको कुरा सवैलाई सर्वविदितै छ ।

जातजाती र समुदायलाई हेर्दा भिमसेनथापा गाउँपालिकाको वडा नम्बर १ मसेलमा ब्राम्हण, क्षेत्री, बराम, नेवार र दलित, वडा नम्बर २ सिद्धकाली अमरवस्तीमा ब्राम्हण, क्षेत्री र दलित वडा नम्बर ३ तान्द्राङ्गमा ब्राम्हण, क्षेत्री, दलित, बराम र भुजेल, वडा नंम्बर ४ धावामा ब्राम्हण, क्षेत्री, दलित, नेवार र तामाङ्ग वडा नम्बर ५ बगुवामा नेवार, ब्राम्हण क्षेत्री, दलित र बराम, वडा नम्बर ६ अश्राङ्गमा मगर, बाम्हण, क्षेत्री, नेवार, दलित र मुस्लिम, बडा नम्बर ७ र ८ वोर्लाङ्गमा दलित नेवार, ब्राह्मण, क्षेत्री, दराई र कुमाल समुदायको बसोबास रहेको छ ।

नेपाली जनक्रान्तिको जगमा स्थापित संघिय लोकतान्त्रिक गणतन्त्र नेपालको प्राप्तिले आज भिमसेनथापा गाउँपालिकाका सवै जातजाती, भाषाभाषी, वर्ग समुदायमा समावेशी, समानुपातिकताको अधिकार स्थापित मात्र भएको छैन, हरेक नागरिकको घरघरमा स्थानीय सरकारको प्रतिनिधित्व पुगेको छ । स्थानिय तहको निर्वाचन मार्फत सबै जातजाति र समुदायको सहभागिता सुनिश्चित हुने गरी संघियता कार्यान्वयन भएसंगै आज हामी हाम्रो गाउँपालिकाको विकास र सम्बृद्धिको अभियानमा सवै मिलेर एकताबद्ध ढंगले हातेमालो गरी अघि बढ्न पाएका छौ ।

सडक पूर्वाधारको हिसावले देशकै प्रमुख राजमार्गको रुपमा निर्माण भईरहेको पूर्वपश्चिम मध्यपहाडी लोकमार्गले यस गाउँपालिकाको वडा नं १, मसेल वडा नं. २, सिद्धकाली अमरवस्ती र वडा नं ३ तान्द्राङ्ग जोडेको छ भने यो लोकमार्गले आरुघाटदेखि निवेलसम्मको विकासको ढोका खुलेको छ । राष्ट्रिय गौरवको आयोजनाको रुपमा निर्माण गर्न लागिएको बुढिगण्डकी जलविद्युत आयोजनाको सबै भन्दाबढि प्रभावित क्षेत्र आरुघाटदेखि बुङ्कोटघाट विचमा भिमसेन थापा गाउँपालिकाको वडा नं.३ तान्द्राङ्ग, वडा नं.४ धावा, वडा नं. ७ र ८ वोर्लाङ्ग पर्दछ ।

आयोजना निर्माण सम्पन्न हुनसके यहाँ बन्ने विशाल कृतिम ताल र रिङ्गरोडको विकासको अवधारणाले भिमसेन थापागाउँपालिकाको मुहार फेर्ने कुरालाई नर्कान सकिन्न । वडा नम्बर ५ वगुवामा रहेको एकिकृत मिलनबस्ती पुनः निर्माणको काम भइरहेको छ भने वडा नं ६ अश्राङ्ग वडा नं ५ बगुवा र वडा नं १ मसेल गोरखा नगरपालिकासँग जोडिएकाले यो गाउँपालिकाको तीव्र विकासको सम्भावना रहेको छ । भौतिक पूर्वाधारलाई हेर्दा गाउँपालिकामा रिङरोड, लिङ्क रोड, वडाका प्राय सबै टोल-टोलसम्म मोटरबाटो, बिजुली बत्ती पुगिसकेको छ भने पालिका भित्रका सवै जनताको घर-घरमा खानेपानीको सुविधा पुऱ्याउन दृढता पूर्वक लागि परेका छौ ।

'हरियो वन, नेपालको धन' भन्ने भनाईलाई आत्मासाथ गर्दै ठूलो बन क्षेत्रले ओगटेको यस गाउँपालिकाले वन क्षेत्रको संरक्षण र सम्बर्द्धन गर्दै वनलाई जनताको आयआर्जनसँग जोड्न सक्ने हामीसंग प्रसस्त सम्भावना रहेका छन् । कृषि, पर्यटन, साना तथा मझौला उद्योग व्यवस्थित गर्नसके थुप्रै रोजगारीको अवसर सृजना गर्नसक्ने अवस्था हामीसंग छ । शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षाको क्षेत्रमा गुणस्तर काम गर्नु र गरिएका सबै प्रयासहरुलाई प्रविधिमैत्री बनाउँदै पारदर्शी र छिटोछरितो बनाउन निरन्तर प्रयास गरिरहेका छौ । भिमसेनथापा गाउँपालिकालाई ग्रेट (गौरव गर्न लायक), स्मार्ट (छिटोछरितो र सुन्दर) सम्वृद्ध (विकसित अभाव र तनावरहित) हरियाली, स्वच्छ र सु-संस्कृत समाजवाद उन्मुख समाजवादको नमुना योग्य आधारशिला बनाउन सकिने प्रचुर सम्भावना छन् ।

व्यवस्था परिवर्तन भएर पनि अवस्था परिवर्तन हुन नसकिरहेको परिपक्ष्यमा स्थानीय आर्थिक विकासको अवधारणालाई अवलम्बन गरी विकास र सम्बृद्धिका निम्ति स्थानीय साधनस्रोत, जनशक्ति, भूमि, पूँजी, यन्त्र, औजार, प्रविधि, बजारको विश्लेषण, विकास र व्यवस्थापनमा क्रान्तिकारी सोच र नेतृत्व आजको आवश्यकता हो । वर्गसंघर्षमा यस गाउँपालिका र तपाईं हामीले प्रदर्शन गरेको श्रेष्ठता समाजवादको आधार तयार पार्न र भिमसेनथापा गाउँपालिकालाई साच्चै ग्रेट, स्मार्ट, हरियाली, स्वच्छ, सम्बृद्ध, सु-संस्कृत समाजवाद उन्मुख नमुना गाउँपालिका बनाउन स्थानीय सरकारका सबै तहका हामी प्रतिनिधिहरू, यस क्षेत्रका विज्ञ, विश्लेषकहरु तथा आम जनसमुदाय एकजुट भएर केन्द्रीत हुनु अहिलेको आवश्यकता हो । अब संकल्प गरौं, हामीले नगरे कसले गर्ने ? अहिले नगरे कहिले गर्ने, एकले थुकी सुकी सयले थुकी नदी भन्ने भनाईलाई आत्मासाथ गर्दै त्याग तपस्या र वलिदानको नयाँ आयमको सुरुवात गरौं ।

जनताको मौजुदा अवस्थामा परिवर्तन ल्याउन भौतिक पूर्वाधारको विकाससँगै उत्पादन क्षेत्रमा लाग्न हामीले आमजनतालाई प्रशिक्षित गर्ने र संगठित गर्ने काम निरन्तर रूपमा गर्दै आएका छौ र अझै गरी रहनुपर्छ । 'स्वास्थ्य, शिक्षा, सीप संस्कार र रोजगार, त्यसका लागि पूर्वाधार' भन्ने नाराका साथ स्थानीय सरकार र जनप्रतिनिधिहरु गाउँ टोल, घर-घरसम्म परिचालित भयौं भने आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रममा समेटिएका योजनाबाट भिमसेनथापा गाउँपालिकाको आर्थिक, सामजिक, साँस्कृतिक मात्र नभएर हामीले चाहेको र गाउँपालिकाबासी आमनागरिकहरुले खोजेको रूपान्तरणको उद्देश्य बल्ल पूरा हुनेछ ।

सभाका सदस्यज्यूहरु

अब म यहाँहरुसँग गाउँपालिकाको आगामी आर्थिक वर्षको विषयगत क्षेत्रसँग सम्बन्धीत नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्न चाहान्छु ।

१. शिक्षा सम्बन्धी नीतिहरुः-

- शैक्षिक सुधार र व्यवस्थापनका लागि पालिका भित्र मेगा विद्यालय सञ्चालन गर्न विद्यालय मर्जर कार्यक्रमलाई प्रोत्साहन दिइनेछ । विद्यालय नक्सांकन र दरबन्दी मिलान कार्यलाई वैज्ञानिक र व्यवस्थित गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- विद्यालयहरुमा स्थायी प्रधानाध्यापक नियुक्ति प्रक्रिया थालनी गर्दै प्रधानाध्यापकहरुसंग कार्यसम्पादन करार सम्झौता गरी सिकाई उपलब्धि वृद्धि गरिनेछ । प्रत्येक ३/३ महिनामा अनुगमनको व्यवस्था मिलाइनेछ । तीन तीन वर्षमा शिक्षक सरुवाको नीति अवलम्बन गरिनेछ ।
- *'गाउँपालिकाको इच्छा, बुहारीलाई शिक्षा'* भन्ने नाराका साथ पालिका भित्र विवाह गरेर आउने बुहारीलाई स्थानीय विद्यालयमा १२ कक्षासम्म अध्ययन गर्न छात्रवृतिको नीति अवलम्बन गरिनेछ ।
- पहिलो चरणमा माध्यामिक विद्यालय र त्यसपछि क्रमसः पालिका भित्रका सवै सामुदायिक विद्यालयहरुमा इ-हाजिरीको व्यवस्था गरिनेछ ।
- बालविकास सहयोगी, विद्यालय सहयोगी र विद्यालयका लेखा कर्मचारीहरूलाई स्थानीय तहबाट प्रदान भइरहेको सेवा सुविधामा थप गरिनेछ ।
- *विशिष्टकृत विद्यालय, मेघा विद्यालय, प्राविधिक एवं व्यवसायिक विद्यालय सञ्चालन*का लागि अनुदान र यातायात र होस्टलको व्यवस्थापनमा जोड दिईनेछ ।
- विद्यार्थीहरुको सिकाइलाई प्रविधिमैत्री बनाउन राष्ट्रपति शैंक्षिक सुधार कार्यक्रमका साथै *गाउँपालिका अध्यक्ष प्रविधिमैत्री विद्यालय कार्यक्रम*लाई निरन्तरता दिइनेछ ।
- विद्यालय नर्स कार्यक्रमलाई परीक्षणका रुपमा सुरुवात गरि विद्यार्थीहरुको नियमित स्वास्थ्य जाँच गर्ने व्यवस्था मिलाइनेछ ।
- प्रधानाध्यापकहरुको नियमित बैठक गरी विद्यालयको विकास र व्यवस्थापनको कार्ययोजना बनाएर लागु गर्ने तथा अतिरिक्त सिकाई आदानप्रदान गर्ने व्यवस्था मिलाईनेछ ।
- संगीत र मनोरञ्जन तथा योग, व्यायाम र खेलकुदका माध्यमबाट विद्यार्थीहरुमा अतिरिक्त क्रियाकलाप सञ्चालन गर्दै सिकाइ सुदृढिकरण गर्न घुम्ती शिक्षक करारमा नियुक्त गरी परिचालन गरिनेछ ।
- गैरसरकारी संघसंस्थाहरूसंगको साझेदारीलाई थप प्रोत्साहित गर्दै वालविकासकेन्द्र तथा विद्यालयहरुलाई नमुना सिकाइ केन्द्रका रुपमा व्यवस्थापन गर्दै लगिनेछ ।
- पालिका भित्र शैक्षिक सुधारका लागि गाउँपालिका स्तरीय *शिक्षक तालिमकेन्द्र सञ्चालन*मा ल्याई नियमित रुपमा शिक्षकहरुलाई शिक्षण सिकाई तालिमको नीति अवलम्बन गरिनेछ ।
- समयानुकुल कार्य गर्न असमर्थ शिक्षक, कर्मचारीहरुलाई विशेष प्याकेज योजना ल्याएर अवकास दिने व्यवस्था मिलाइने छ ।
- शिक्षक तथा कर्मचारीहरुको तलबभत्ता मासिक रुपमा भुक्तानी दिने व्यवस्था मिलाइनेछ ।
- कक्षा ३ र ५ मा स्तरमापन परीक्षा सञ्चालन गरी उत्कृष्ट नतिजा प्रदर्शन गर्ने विद्यालय, शिक्षक र विद्यार्थीलाई पुरस्कृत गरिनेछ ।

- बालविकासदेखि कक्षा १-६ मा अध्ययनरत विद्यार्थीहरूका लागि सञ्चालन भइरहेको दिवा खाजा कार्यक्रमलाई निरन्तरता दिइनेछ । आफ्नै करेसाबारी, स्थानीय स्वास्थ्यबर्द्धक पौष्टिक खाजा र खाना व्यवस्था गर्न विद्यालय र अभिभावकहरुलाई प्रोत्साहित गरिनेछ ।
- विद्यालय भर्ना अभियानलाई प्रभावकारी बनाउन बालबालिकालाई विद्यालय नपठाउने अन्यत्र निजी विद्यालयमा पठाउने अभिभावकलाई वडा वा पालिकाले दिने सेवा सुविधामा कटौतीको नीति अवलम्बन गरिनेछ ।
- *पालिका अध्यक्षसँग प्रत्यक्ष विद्यार्थी संवाद कार्यक्रम*लाई निरन्तरता दिइनेछ । यस कार्यक्रम मार्फत विद्यालय उमेरका वालवालिकाहरुलाई असल मार्गमा लाग्न र स्थानीय सरकारका प्रतिनिधिसंग एकआपसमा परिचित गराई असल मार्गमा लाग्न प्रेरित गरिनेछ ।
- *स्थानीय शिक्षा ऐन तथा नियमावली तयार* गरी कार्यान्वयनमा ल्याईनेछ ।
- असल अभ्यास भएका र उच्च सिकाइ उपलब्धि भएका विद्यालय र कम सिकाई उपलब्धि भएका विद्यालयहरुका बीच अन्तरक्रिया तथा मितेरी कार्यक्रम लागू गरिनेछ । स्थलगत अनुगमन गरी सिकाइ उपलब्धि वृद्धि गर्न आवश्यक पृष्ठपोषण प्रदान गरिनेछ ।
- शिक्षकहरुलाई विषयमा आधारित लघु अनुसन्धान गर्न प्रेरित गरिनेछ । अनुसन्धानमा आधारमा सिकाइ उपलब्धि वृद्धि कार्यक्रम कार्यान्वयन गरिनेछ ।
- शैक्षिक कार्यपात्रो र सिकाई सामग्री निर्माण एवम् प्रयोग सुनिश्चित गरिनेछ । शिक्षकहरुलाई सिकाईमा बिताउने समय र हासिल गरेको नतिजाको आधारमा प्रोत्साहन गरिनेछ ।
- शिक्षामा सिकाउ, बिकाउ र टिकाउको नीति लिई सोही अनुसार व्यवस्थापनमा जोड दिइनेछ ।
- *स्थानिय पाठ्यक्रम निर्माण* कार्यान्वयन गरी कार्यान्वयनको क्रममा परिस्कृत गर्दै प्रभावकारी कार्यान्वयन गर्न शिक्षकहरुलाई अभिमुखिकरण गरिनेछ । यस आ. ब. मा कक्षा १-५ का लागि भिमसेन थापाको सेरोफेरो नामक स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गरिनेछ ।
- राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता कार्यक्रमका माध्यमबाट विद्यार्थीहरुको आचारण सुधार गर्न, स्वस्थ जीवनशैली निर्माण गर्न र प्रतिस्पर्धी भावना विकास गर्न आवश्यक कार्यक्रमको आयोजना गरिनेछ ।
- शिक्षा, युवा तथा खेलकुद शाखाको उचित व्यवस्थापन गरिनेछ । शिक्षा, युवा तथा खेलकुद शाखालाई प्रविधिमैत्री, तथ्याङ्क व्यवस्थापन र सेवा प्रवाहलाई समयानुकूल बनाउदै लगिनेछ ।
- *पूर्ण साक्षर भिमसेनथापा अभियान* मार्फत *आई.टि.साक्षरता, कानुनी साक्षरता र वित्तिय साक्षरता* जस्ता कार्यक्रम सञ्चालन गरिनेछ ।
- विद्यालयहरुलाई दिइएको भेण्डिङ मेसिनको जतन गर्दै सुरक्षित र व्यवस्थित ढंगले आवश्यक मात्रामा स्यानिटरी प्याड उपलब्ध गराइनेछ ।
- विद्यालय सुधार योजना निर्माण गरी कार्यान्वयन थाल्ने र विद्यालय र शिक्षकहरुलाई विशेष अनुदानको व्यवस्था गरिनेछ ।
- विद्यालय स्वच्छ खानेपानीको व्यवस्था, प्लाष्टिक तथा जंङक फुडको पूर्ण निषेधित क्षेत्र घोषणा, अपाङ्ग तथा बालमैत्री शौचालय निर्माण तथा *एक विद्यालय एक बगैचा र करेसाबारी* कार्यक्रमलाई कार्यान्वयन गरिनेछ ।
- विद्यार्थीलाई समयानुकूल गुणस्तरीय शिक्षा प्रदान गर्न र विविध महामारीमा पनि सिकाइलाई निरन्तरता दिन एक छुट्टै कोष स्थापना गरी परिचालन गरिनेछ ।

- प्रत्येक विद्यालयमा कम्तिमा एक ल्यापटप, एक प्रोजेक्टर, एक स्मार्ट बोर्ड, एक प्रिन्टर मेशिन तथा फोटोकपि मेशिनको उपलब्धता सुनिश्चित गरिनेछ । *प्राविधिक विद्यालय प्रविधिमैत्री शिक्षक-विद्यार्थी-अभिभावक*को नीति अवलम्वन गरिनेछ ।
- निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीलाई व्यवस्थित गरिनेछ ।
- उच्च शिक्षाका लागि गृह जिल्लाका सरकारी तथा सामुदायिक क्याम्पसमा अध्ययनरत यस गाउँपालिकाका विद्यार्थी भाईबैनाहरुलाई छात्रवृत्ति अनुदान प्रदान गरिनेछ ।
- कम्प्यूटर विषय अध्यापन गर्ने विद्यालयका शिक्षकहरुलाई आईसिटी सम्बन्धी छोटो अवधिको तालिम सञ्चालन गरिनेछ ।
- रातो बङ्गला फाउन्डेसनको साझेदारीमा वालकक्षामा शैक्षिक सामग्री सहितको टेलिभिजनको व्यवस्था गरिनेछ ।
- पूर्वप्राथमिक तहका विद्यार्थीहरुलाई केन्द्रविन्दुमा राखेर प्रत्येक विद्यालयमा फनपार्क निर्माणको थालनी गरिनेछ ।
- सुरक्षित र घेराबार सहितको हरित विद्यालय निर्माणमा प्रेरित गरिनेछ ।
- प्राविधिक वहुप्राविधिक शिक्षामा प्राथिमिकता दिई थप लगानीलाई प्रोत्साहित गरिनेछ ।
- अन्तर विद्यालय प्रतिस्पर्धालाई प्रभावकारी वनाउन जनसेवा, प्रतिभा प्रस्फुटन, स्वच्छ मनोरञ्जन शैक्षिक सामग्री प्रदर्शनी, खेलकुद जस्ता अतिरिक्त क्रियाकलापहरुको आयोजना गरिनेछ ।
- प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति र विद्यालयहरुलाई सिकाई उपलब्धिका आधारमा पुरस्कृत गरिने नीति लिइनेछ ।
- अन्तराष्ट्रिय शिक्षा दिवस, सेम्टेम्बर ८ विशेष कार्यक्रम आयोजना गरी मनाइनेछ ।
- गाउँपालिका स्तरीय *शहिद स्मृति भिमसेनथापा रनिङशिल्ड* कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरी कार्यक्रम सञ्चालन गरिनेछ ।
- प्रभात मा.वि धावाले प्राविधिक शिक्षा तर्फ बालिविज्ञान, सरस्वती मा.वि वोर्लाङ्गमा डिप्लोमा इन सिभिल ईन्जिनियरिङ, चण्डी मा.वि अश्राङ्गमा कम्प्युटर शिक्षा पठनपाठन भईरहेकाले यी विद्यालयहरुलाई आर्थिक अनुदानको व्यवस्था मिलाई अन्य विद्यालयहरुलाई पनि व्यवसायिक शिक्षालाई कुनै कुनै धार अवलम्बन गर्न प्रोत्साहित गरिनेछ ।
- परीक्षा प्रणालीलाई सुधार गर्न प्रश्न बैंकको निर्माण र परिचालनलाई निरन्तरता दिइनेछ ।
- चिल्ड्रेन अफ माउन्टेन संस्थासँगको साझेदारीमा गणित विषयमा शैक्षिक उपलब्धि अभिवृद्धि गर्न गणित शिक्षक तालिम तथा म्याथ ल्यावका कार्यक्रमहरू प्रभावकारी ढंगले कार्यान्वयन गरिनेछ ।
- विद्यार्थीहरुको सिकाई सहजता र व्यवस्थित गर्न *भिमसेनथापा आविष्कार केन्द्र* बनाई शैक्षिक सामग्री निर्माणका साथै स्थानीय सामाग्री प्रयोग गरी शिक्षा, सीप संस्कार-श्रम प्रतिको आस्था र जनसंस्कृति निर्माणको अभियान सुरु गरिनेछ ।
- विज्ञान संकाय तथा प्राविधिक धारमा अध्ययन गर्न चाहने विपन्न वर्गका विद्यार्थीहरुका लागि **गाउँपालिका प्रमुख विशेष छात्रवृति**को व्यवस्था गरि लागू गरिनेछ
- गाउँपालिकाको कुनै एउटा विद्यालयलाई नमुना ICT Hub, स्पोर्ट्स एकेडेमी, सैन्य कला, गीतसंगीत, नृत्य सिकाई विशिष्ट रुपमा विकास गरिनेछ ।

- गाउँपालिका भित्रका सबै विद्यालयलाई बालमैत्री बनाई भिमसेनथापा गाउँपालिकालाई बालमैत्री गाउँपालिका निर्माण गर्न आधार तयार पारिनेछ ।
- अंग्रेजी माध्यमबाट पठनपनठन गर्न शिक्षकहरुलाई अभिप्रेरित गर्दै आवश्यक तालिमको प्रबन्ध गरिनेछ ।
- विद्यार्थीमा असल आचारण निर्माण स्वस्थ जीवनशैली र सामाजिक भावना जागृत गर्न *विद्यालय स्काउट कार्यक्रम* लागु गरिनेछ ।
- दुल्लभ बहुमुखी क्याम्पसलाई गुणस्तरीय क्याम्पसको रुपमा विकास गर्न पहल गरिनेछ ।
- भिमसेनथापा *वहुप्राविधिक शिक्षालय*को स्थापना र कक्षा सञ्चालन प्रक्रिया अघि बढाइनेछ ।
- विद्यालयहरुमा *करियर काउन्सिलिङ*का कक्षाहरु सञ्चालन गरिनेछ ।
- विधार्थीहरुलाई योग व्यायाम ध्यान आदि प्रति जागरुक बनाउन घुम्ती *योग शिविर* सञ्चालन गरिनेछ ।
- शिक्षक र विद्यार्थीहरुमा उत्पादन, रोजगार र समृद्धिको अभियानबारे कक्षा सञ्चालन गरी सामाजिक चरित्र निर्माण गर्न श्रम र उत्पादनसँग जोड्ने नीतिको अवलम्बन गरिनेछ । *विद्यालयमा भूमि बैंक र श्रम बैंक स्थापना र संचालन* गरी श्रमशील बनाउने नीति कार्यान्वयन लगिनेछ । विद्यालयदेखि नै श्रमको सम्मान गर्ने संस्कृति निर्माणमा जोड दिइनेछ ।
- अत्यन्त गरिव, दलित, पछिपरेका असहायहरूलाई गरिबीबाट मुक्त गराई, श्रमशील र रोजगार बनाउनु हाम्रो मुख्य प्राथमिकता रहनेछ । भिमसेनथापा गाउँपालिकालाई *ग्रेट, स्मार्ट, हरियाली, स्वच्छ, समृद्ध समाजवाद उन्मुख नमूना गाउँपालिका* बनाउन गीतसंगीत र साहित्यिक रचनाहरू तयार गर्ने र त्यसको लागि सर्जक, लेखक, कलाकार, सञ्चारकर्मी लगायतलाई परिचालन गरिनेछ ।

**२. स्वास्थ्य सम्बन्धी नीतिहरु :**

- ६८ बर्ष माथिका जेष्ठ नागरिक, अपाङ्गता भएका तथा अशक्त नागरिकहरुका लागि मासिक रुपमा गाउँ टोलमा नै स्वास्थ्य सेवा प्रदान गर्न *गा.पा.अध्यक्षजेष्ठ तथा अशक्त नागरिक घरदैलो स्वास्थ्य सेवा कार्यक्रम* लाइ थप प्रभाबकारी बनाउदै निरन्तरता दिइनेछ ।
- *सवै नागरिकहरुलाइ अनिवार्य स्वास्थ्य विमा* कार्यक्रममा आबद्ध गराउने नीति लिइनेछ । अति विपन्न परिवारलाइ गा पा मार्फत स्वास्थ्य विमाको शुल्क भुक्तानी गरिने व्यवस्था मिलाइनेछ ।
- गर्भवती महिलाहरुलाइ सुत्केरी सेवाका लागि स्वास्थ्य चौकी सम्म आउने र जाने साथै जटिलता भइ रेफर गर्नुपरेमा र नवशिशुमा जटिलता भई अस्पताल जानुपरेमा एम्बुलेन्स सेवा निशुल्क उपलब्ध गराउने कार्यलाइ निरन्तरता दिइनेछ । *शून्य होम डेलिभरी* को नीति अबलम्बन गरिनेछ ।
- विपन्न तथा असहाय र जेष्ठ नागरिकहरुका लागि आकस्मीक अवस्थामा स्थानीय स्वास्थ्य संस्थाको सिफारिसमा जिल्ला अस्पताल सम्म एम्बुलेन्स सेवा निशुल्क गरिनेछ ।
- बर्थिङ सेन्टर सन्चालन भएका स्वास्थ्य चौकीहरुमा सुत्केरी तथा कुरुवाहरुको बसाई सहजताका लागि *प्रतिक्षा कक्ष (आमाघर कार्यक्रम)* लाई व्यवस्थित गरिनेछ ।
- स्वास्थ्य चौकीहरुमा भौतिक अवस्था सुधार लगायत थप १ स्वास्थ्य चौकीमा प्रयोगशाला बिस्तार गरिनेछ ।
- स्वास्थ्य संस्थाहरुबाट प्रदान गरिएका सेवाहरुको रेकर्ड राख्ने र प्रतिबेदन गर्ने कार्यलाई व्यवस्थित बनाइनेछ । स्वास्थ्यकर्मीहरुको क्षमता अभिवृद्दि कार्यक्रम सन्चालन गरिनेछ ।

- गा पा भित्र बसोबास गर्ने नागरिकहरुलाइ उपचारात्मक सेवामा पहुँच बढाउन चिकित्सकको व्यवस्था गरि सबै वडा का नागरिकहरुलाई कम्तीमा महिनामा १ पटक *स्याटेलाइट क्लिनिक मार्फत चिकित्सकीय सेवा* प्रदान गर्ने व्यबस्था मिलाइनेछ ।
- बुढि गण्डकी बृद्दाश्रमका आश्रीतहरुलाइ नियमित स्वास्थ्य परिक्षणको व्यवस्था साथै स्वास्थ्य बिमामा लाग्ने शुल्क भुक्तानीलाई निरन्तरता दिइनेछ ।
- प्रत्येक वडामा रहेका स्वास्थ्य संस्थामा मासिक रुपमा दक्ष जनशक्तिबाट गर्भवती महिलाहरुको *निशुल्क भिडियो एक्सरे* गर्ने कार्यलाइ व्यवस्थित गरि निरन्तरता दिइनेछ ।
- १००० दिन भित्रका आमा तथा बालबालिकहरुको पोषण अवस्थामा सुधार गर्न गर्भवती सुत्केरी तथा २ वर्ष मूनिका बाल बालिकाहरु र किशोरीहरुको लागि *पोषण विशेष कार्यक्रम* सन्चालन गरिनेछ ।
- विषादिको असुरक्षित प्रयोगले मानव स्वास्थ्यमा पारेको प्रतिकूल असरलाइ न्यूनिकरण गर्न जनचेतनामूलक कार्यक्रम सन्चालन गरिनेछ ।
- नसर्ने रोगहरुको वृद्धि भइरहेको वर्तमान परिप्रेक्षमा मुटु रोग, मृगौला रोग, क्यान्सर लगायतका घातक रोगहरुको समयमै पहिचान र निदान गरि उपचारको दायरमा ल्याउने र थप बिग्रन नदिन रोगहरुको *स्क्रिनिङ बिशेष कार्यक्रम तथा शिविर* सन्चालन गरिनेछ ।
- गाउँपालिका भित्रै *१ आँखा सेवा केन्द्र* संचालनमा ल्याइनेछ ।
- वैकल्पिक चिकित्सा आयुर्बेद, प्राकृतिक चिकित्सा, योग शिक्षा आदि, प्रबर्धन कार्यक्रम सन्चालन गरिनेछ ।
- निर्माणाधिन आधारभुत स्वास्थ्य सेवा केन्द्र भवनको निर्माण सम्पन्न गरि गुणस्तरीय सेवा प्रदान गर्ने व्यवस्था मिलाइनेछ ।
- गा पा भित्र सन्चालित एम्बुलेन्सहरुलाई व्यवस्थित रुपमा सन्चालन गरिनेछ ।
- शहिद स्मृति आधारभुत अस्पतालमा थप सेवा सहित स्वास्थ्य विमा कार्यक्रम संचालन गरिनेछ । अस्पताल भवन निर्माण कार्य प्रारम्भ गरिनेछ ।
- ५ बर्ष मूनिका बाल बालिकाहरुको कूपोषण दरलाई शून्य बनाउने नीति लिइनेछ ।
- किशोरीहरुमा हुने कुपोषण र रक्तअल्पतालाई रोकथाम गर्न किशोरी आइरन कार्यक्रमलाई प्रभावकारी बनाइनुको साथै बर्षमा कम्तीमा २ पटक किशोरीहरुको पोषण र रक्तअल्पताको अवस्था पत्ता लगाउने कार्यलाइ निरन्तरता दिइनेछ ।
- स्वास्थ्य चौकी न्यूनतम सेवा मापदण्ड कार्यक्रमले निर्दिष्ट गरेका सूचकहरुलाइ पुरा गर्न आवश्यक बजेट तथा सामाग्रीको व्यवस्था गरि गुणस्तरीय स्वास्थ्य सेवाको सुनिश्चितता गरिनेछ ।
- विशेषज्ञ सहितको शिविर सन्चालनका लागि निजि तथा गैर सरकारी सङ्ग संस्था सँग सहकार्य गर्ने नीति अवलम्बन गरिनेछ ।
- महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकहरुको सेवाको उच्च मूल्याङ्कन गर्दै प्रोत्साहन गर्ने नीति अवलम्बन गरिनेछ । उत्कृष्ट महिला साममुदायिक स्वास्थ्य स्वयमसेविकाहरुलाइ पुरष्कृत गरिनेछ ।
- उत्कृष्ट सेवा प्रदान गर्ने स्वास्थ्य संस्था र स्वास्थ्यकर्मीहरुलाई सम्मान तथा पुरस्कृत गरिनेछ ।
- दशैं तथा तिहार जस्ता चाडवाडहरुमा हुने लामो विदाका कारण स्वास्थ्य सेवामा प्रभाव पर्न नदिन उक्त समयमा स्वास्थ्य सेवा सुचारु गर्ने व्यवस्था मिलाइनेछ ।

**३. कृषि सम्बन्धी नीति :**

- प्रत्येक वडालाई *एक वडा एक उत्पादन पकेट क्षेत्र*को रुपमा विकास गरिनेछ ।
- कृषि क्षेत्रलाई थप उत्पादनमुखी र रोजगार मुलक बनाई नागरिकको जीवनस्तर उकास्न कृषिलाई आधुनिकीकरण, यान्त्रिकीकरण तथा व्यवसायीकरण बनाउदै कृषि उत्पादनमा गाउँपालिकालाई आत्मानिर्भर बनाउन जोड दिइनेछ ।
- कृषि उत्पादन वृद्धि गर्नका लागि माटो परिक्षण, उपचार विधि, किटबक्स तथा ***मोबाईल घुम्ति शिविरबाट माटो परिक्षण***को व्यवस्था मिलाईनेछ ।
- भिमसेनथापा गाउँपालिका भित्र विषादी प्रयोगमा न्यूनिकरण गरी वातावरण अनुकुलनमा टेवा पुर्याउने र प्राङ्गारिक खेतीलाई प्रोत्साहन दिईनेछ ।
- भौगोलिक हावापानी र माटो सुहाँउदो तरकारी बाली, फलफूल, खाद्यन्न, नगदे, बाली प्रर्बद्धन कार्यक्रममा विशेष प्राथमिकता दिईनेछ ।
- कृषकहरुको कृषि उत्पादनमा लागत न्यूनिकरण गर्न यान्त्रिकरण तथा साना सिञ्चाई कार्यक्रमलाई निरन्तरता दिईने छ ।
- कृषि उत्पादनको गुणस्तर र उत्पादकत्वमा वृद्धि गर्न मौसमि र बेमौसमि अनुसारका तरकारी, र खाद्यान्नबालि लगायत बालिहरुको गुणस्तरीय विउ र प्रमाणिकरण भएका विउ विजन वितरण गरिने छ ।
- विपद् व्यवस्थापन, आकास्मिक हुने क्षति, प्रकोप रोग किरा नियन्त्रण गर्न *आई.पि.एम पाठशाला*को व्यवस्था तथा स्वस्थ्य वालि विरुवा उत्पादन गर्न नर्सरीको व्यवस्थापन गरि सन्चालन गरिनेछ ।
- कृषि प्रसारलाई थप प्रभावकारी बनाउन कृषक समूह, कृषि सहकारी, कृषि फर्म, कृषि उद्यमी, व्यवसायिक कृषकहरुलाई उत्पादनमा आधारित अनुदानमा प्रोत्साहन तथा पुनर्ताजकी  कार्यक्रम लागु गरिनेछ ।
- अनुदान लिएर व्यवसाय नगर्नेलाई कारवाहीको नीति अवलम्बन गरिनेछ ।
- यस गाउँपालिकालाई अबको ५ वर्षमा फलफूल, तरकारी र खाद्यान्नमा आत्मनिर्भर बनाउन  कार्यक्रम संचालन गरिनेछ ।
- सुन्तलाजात र कफि खेतीको लागि सम्भावना बोकेका गाउँपालिका भित्रका जमिनमा आफ्नै नर्सरी स्थापना गरी व्यवसायिक खेती सुरु गरिनेछ ।
- *बाली बीमा कार्यक्रम*लाई प्राथमिकता दिई पूर्ण बाली बीमा गाउँपालिका तर्फ उन्मुख गर्ने नीतिको अवलम्बन गरिनेछ ।
- बेरोजगार, विदेशबाट फर्केका युवायुवतीलाई स्वरोजार तथा व्यवसायिक उद्यमी बनाउने उद्देश्यलाई बैकंहरुसँग समन्वय गरी उद्यमशील हुने वातावरणको निर्माण गरिने छ ।
- प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना अन्तर्गत हाल सञ्चालनमा रहेको पकेट कार्यक्रमलाई निरन्तरता दिईनेछ । साथै *एक वडा एक उत्पादन पकेट कार्यक्रम*लाई प्रभावकारी बनाईने छ ।
- गाउँपालिका भित्र रहेका सवै कृषि तथ्याङ्क संकलन तथा *किसान सूचिकरण* कार्यलाई पूर्णता दिईनेछ ।
- पालिका भित्र कृषि उत्पादनलाई बजारसम्म पुर्याउन कृषि संकलन केन्द्र निर्माण गर्ने साथै संघीय तथा प्रदेश सरकारसँग समन्वय गरी गाउँपालिकामा कृषि एम्बुलेन्स सेवा सञ्चालन गर्न पहल गरिनेछ ।
- पालिका भित्र कृषि हाट बजार सञ्चालन र व्यवस्थापन गर्ने नीति अवलम्बन गरिनेछ ।
- बाँझो जग्गा जमिनमा खेती गर्ने कृषकलाई प्रदेश सरकारसँग समन्वय गरी अनुदान प्रोत्साहन, खाली जमिनलाई पूर्ण उपयोग गर्ने गरी कार्यक्रम अघि बढाइनेछ । जग्गा बाँझो राख्न नपाइने नीति अवलम्बन गरिनेछ ।

- उपयोगमा नआएका जग्गा जमिनलाई चाक्लाबन्दी, पकेट क्षेत्र, क्लष्टर बनाई कृषिको लागि प्रयोग गर्न अभिप्रेरित गरिनेछ ।
- सार्वजनिक वनक्षेत्र, सडक तथा राजमार्गको किनारा, नदी उकास र उपयोग विहिन सार्वजनिक सरकारी जमिनमा फलफुल र अन्य विरुवा रोप्ने र संरक्षण गर्ने कार्यक्रमलाई PPE मोडेलमा अभियानको रुपमा सञ्चालन गरिनेछ
- कृषकको बारीमै कृषि प्राविधिक पठाएर कृषकहरुको समस्या, सुझाव औषधी उपचारमा सहयोग पुऱ्याउन पहल गरिनेछ ।
- फलफुल तथा तरकारी भण्डारका लागी *चिस्यान केन्द्र स्थापना* गर्न आवश्यक पहल गरिने छ भने दुध संकलन तथा भण्डारणका लागी चिलिङग केन्द्र यथोचित व्यवस्थाका लागी निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ ।
- स्थानीय प्रजातिका धान मकै, कोदो, कोसेवाली, तेलहन, दलहन, लगायतका बालीहरुको संरक्षणको लागि जीन बैंकसँग आवश्यक सहकार्य गरिने छ ।
- उपयुक्त वडाको छनौट गरी *एक घर एक मौरी घार*को नीति अवलम्बन गरिने छ ।
- कृषि तथा पशुपंक्षी जन्य प्राकृतिक प्रकोप तथा महामारी रोग नियनत्रण सम्वन्धमा रोकथाम तथा नियन्त्रणको नीति अवलम्वन गरिने छ ।
- साना खालका चिलिङ मेशिनहरु अनुदानमा वितरण गर्ने नीति अवलम्वन गरिने छ गोलभेडा तथा फलफूल एवं अन्य कृषिजन्य वस्तुहरुको प्रशोधनको लागि *प्रशोधन केन्द्र स्थापना तथा सञ्चालन*को लागि आवश्यक पहल गरिने छ ।
- बाँदरबाट कृषकमा परेको समस्या समाधानका लागि आवश्यक कार्यक्रम संचालन गरिने छ ।
- महिलामैत्री कृषि उपकरणहरु प्रयोगमा ल्याई महिलाहरुलाई कृषि मार्फत आर्थिक सशक्तिकरणमा लगिने छ ।
- एकल महिला/पुरुष तथा महिला घरमुली भएका एवं विपन्न परिवारलाई विशेष प्राथमिकतामा राखिने छ ।
- हामी किसानहरूको लागि तत्कालको लागि मात्र नभएर आफ्नै उत्पादनमार्फत संस्थागत गर्दै पेन्सनको रूपमा उपयोग गर्ने गरी *किसान पेन्सन बचत योजना* संचालन गरिनेछ । दैनिक न्यूनतम १०० अनिवार्य कमाउने र मासिक ५०० बचत गर्ने विशेष योजना कार्यान्वयन गरि त्यसको व्याज र लगानीबाट प्राप्त प्रतिफललाई किसान पेन्सनको रुपमा कार्यान्वयन गरिने छ ।
- हरेक पाँच परिवारको सहभागिता रहने गरी कृषि सहकार्य समूह गठन गर्ने । ती समूहहरू पालिकामा दर्ता गर्ने, समूहको स्थायी लेखा नम्बर लिने, सहुलियतपूर्ण ऋण लिनका लागि आवश्यक सहजीकरण गरिनेछ ।
- उत्पादनको आयोजना, पशुपालन (दुग्ध तथा मासु), मसलाबाली, फलफूल खेती, जडीबुटी, बिउबिजन, अन्य उच्च मूल्यका बाली लगाउने नीति लिईनेछ । त्यसमा आधारित उद्योगहरू संचालन गर्न प्राविधिकहरू समेतको सल्लाहमा योजना बनाइनेछ । यसको लागि आफूसँग भएको जमिन उपयोग गर्न सकिने, वन जंगल, श्रमशक्ति, आफूसँग भएको पुँजीको सदुपयोग गर्ने गरी तयारी गरिनेछ ।
- उत्पादनमा गरिने कामको विवरणका साथै सबै रेकर्डहरू सुरू देखि नै राख्ने, लेखा प्रणाली व्यवस्थित गर्ने, आपसी सहयोग, आदान प्रदान गर्ने, कार्यमा सचेततापूर्वक लागिरहने । साथै स्थानीय सरकार तथा विज्ञहरूले उत्पादन कार्यका लागि सहकार्य समूहहरूको परिचालन तथा अनुगमन गर्ने व्यवस्था गरिनेछ ।

**४. पशु विकास सम्बन्धी नीतिः**

- पशुसेवा शाखा कार्यालय व्यवस्थापन तथा संचालनका लागी आवश्यक पशुवस्तु औषधी, उपकरण, फर्निचर लगायत एक भेटरिनरी चिकित्सक सहितको प्राविधिक जनशक्तिको व्यवस्थालाई निरन्तरता दिईनेछ ।
- समुहगत वा एकल पशुपालन गर्ने युवाहरुलाई प्रोत्साहनका लागि सरल कर्जा र उत्पादनमा आधारित अनुदान योजना कार्यान्वयनमा ल्याइने छ ।
- पशुहरुमा लाग्ने विभिन्न माहामारी जन्य रोगको भ्याक्सिन व्यवस्था मिलाइनेछ ।
- ***बाखा तथा भैसीको पकेट क्षेत्र*** घोषणा गरी आवश्यक माउ, प्रविधि र व्याडको व्यवस्था गरिनेछ ।
- गाउँपालिकालाई ***बाखा पकेट एवं मध्यपहाडी लोकमार्ग दुग्ध करिडोर***को रुपमा विकास गर्न पहल गरिने छ ।
- हरियो घाँस पशुवस्तुहरुलाई मन परेको गन्ध भएको, स्वादिष्ट, रसिलो, पोसिलो र सजिलोसँग पच्ने, पशुलाई अधिक मात्रामा प्रोटिन, कार्वोहाइड्रेड, इर्नजी, भिटामिन तथा मिनरल प्रदान गर्ने हुन्छ । तसर्थ संरक्षण गरेर राख्न सकिने तथा थोरै खुवाएर बढी उत्पादन गर्न सकिने खालका जै, भेच, वर्सिम, केराउ, बोडी, खेरी, टियोसेन्टी, दिनानाथ, जस्ता हरियो उन्नत घाँस वितरण कार्यक्रम संचालन गरिनेछ । भने सोको उत्पादनको लागि ***एक उन्नत घाँस विकास स्रोत केन्द्र स्थापना***का लागि आवश्यक पहल गरिनेछ ।
- ***पशु वीमा कार्यक्रम तथा पशुको पूर्ण खोप अभियान***लाई निरन्तरता दिईने छ ।
- उत्कृष्ट व्यवसायीलाई पुरस्कृत गरिनुका साथै उत्पादनको आधारमा कृषकहरुलाई प्रोत्साहन रकम उपलब्ध गराईने छ ।
- ***पशु घुम्ति शिविर***को व्यवस्था गरी घर घरमा पशु स्वास्थ्य उपचारको व्यवस्था मिलाइने छ ।
- दुग्ध तथा मासु उत्पादन वृद्धिका लागि ***पशुवस्तुमा नश्ल सुधार कार्यक्रम***लाई अघि बढाइने छ ।
- एक वडा एक पशु प्राविधिकको व्यवस्थालाई निरन्तरता दिइनेछ ।
- सामुदायिक छाडा कुकुरहरुको बन्ध्याकरणको व्यवस्था मिलाई छाडा कुकुर र छाडा चौपाया मुक्त पालिका बनाउन पहल गरिने छ ।

**५.उद्योग सम्बन्धी नीति :**

- औद्यागिक ग्राम निर्माणको कार्यलाई अगाडी वढाइनेछ ।
- ***एक वडा एक उद्योग***लाई निरन्तरता दिँदै विस्तार गर्दै लगिनेछ ।
- स्थानीय स्रोत साधनको उपयोग गरी कृषि तथा गैरकृषि उत्पादन, प्रशोधन, रोजगारी सिर्जना र स्थानीय समृद्धिको आधारको रुपमा लघु, घरेलु, साना तथा मझौला उद्यमहरुलाई अभियानको रुपमा विस्तार गर्न अभिप्रेरित गरिनेछ ।
- ***स्थानीय वस्तुको उपभोग गरौं, र उत्पादनलाई प्रोत्साहन गरौ भन्ने अभियान*** सञ्चालन गरी कृषिजन्य वस्तुको प्रशोधन उद्योग स्थापना गरिनेछ ।
- स्थानीय कच्चा पदार्थमा आधारित उद्योगको स्थापना गर्न प्रोत्साहन दिईने छ । लघु तथा घरेलु उद्यम प्रर्वद्धन गर्न सीपमूलक तालिमको व्यवस्था गरी उत्पादित वस्तुको वजारीकरणको व्यवस्था गरिनेछ ।
- विदेशबाट फर्किएका तथा रोजगारीको खोजीमा रहेका व्यक्तिहरुमा रहेको सीपको विवरण रोजगार सूचना केन्द्रमा अद्यावधिक गरी श्रम बैंकलाई व्यवस्था गरिनेछ । त्यस्ता जनशक्तिलाई स्थानीय तह भित्र उपलब्ध हुने निर्माण सेवा, व्यवसाय, उद्योग, कृषि लगायत क्षेत्रमा रोजगारदातासँग समन्वय गरी रोजगारी प्रदान गर्न सहजीकरण गरिनेछ ।

- जनताको समृद्धिसहित आत्मनिर्भर गाउँ बनाउने, स्थानीय उत्पादन र उत्पादनमा आधारित उद्योगहरू स्थापना गर्ने, उत्पादित वस्तुको बजारीकरणमार्फत रोजगारी सिर्जना गर्ने, बेरोजगारीको अन्त्य गर्दै जनताको प्रतिव्यक्ति आयमा बृद्धि गर्ने र गरिबी अन्त्य गर्ने नीति अवलम्बन गरिने छ ।
- स्थानीय स्तरमा सञ्चालित उद्योगहरुको संरचनाहरू अझै व्यवस्थित र सुदृढ पार्न पहल गरिने छ । आवश्यक परे सरकारी निजी साझेदारी कम्पनी खोली त्यसको परिचालन, विज्ञ र प्रविधिको समायोजनमा पनि जोड दिइने छ ।
- भिमसेनथापा गाउँपालिकाका ८ वटै वडामा उद्यमशिलता तथा सिप विकासको माध्यमबाट महिला तथा युवा युवतीहरुको आर्थिक सशक्तिकरणको कार्यक्रमलाई निरन्तरता दिइने छ ।
- पालिका भित्रका खनिज र उत्पादित वस्तुहरु उत्खनन् र प्रशोधन गर्न उद्योग दर्ता गरी सञ्चालन र सञ्चालनका लागि अनुमति दिने व्यवस्था गरिने छ ।

### ६. पर्यटन सम्बन्धी नीति

- गाउँपालिका भित्रका सम्भाव्य पर्यटकीय क्षेत्रहरुको पहिचान गरी त्यसको वृहत्तर एवं एकीकृत विकासको वृत्तचित्र तयार गरिने छ ।
- मनास्लु पदमार्गमा जाने पदयात्रीहरुलाई कम्तिमा एक दिन भिमसेनथापा गाउँपालिकामा बास बस्ने गरी पर्यटकीय पूर्वाधारको विकास एवं विस्तार र पर्यटन व्यवसायीहरुसँग समन्वय गरिने छ ।
- दुल्लभ पार्क, भिमसेनथापा स्मारक पार्क, भिमसेनथापा संग्रहालय र जनयुद्ध संग्रहालय, शहिद स्मृति पार्क, मसेल ठूलो पोखरी, इत्ला पोखरी, कोटकाली, चार धार्मिक धाम, मुडुलोथुम्को पार्क, अश्राङ्गकोट, कनकामना, चुलिडाँडा, काशीघाट लगायतका पर्यटकीय क्षेत्रहरुको विकास गरी उक्त स्थानमा आन्तरिक पर्यटनको लागि उपयुक्त वातावरणको निर्माण गर्न आवश्यक पूर्वाधार निर्माण तथा प्रचारप्रसार गरिने छ ।
- पर्यटन क्षेत्रको विकास गर्न पर्यटन क्षेत्रमा आवद्ध पालिकाबासीको एक विज्ञ समूह गठन गरी पर्यटन विकास र प्रर्वदनका लागि आवश्यक पहल गरिनेछ ।
- घरबास कार्यक्रमलाई अगाडी बढाइने छ ।
- एक वडा एक पर्यटकीय स्थल र अन्तर वडा पर्यटकीय सञ्जालको विकास गरिने छ ।

### ७. युवा तथा खेलकूद नीति :

- खेलकूद क्षेत्रको समुचित विकास गर्न पूर्वाधारको निर्माण, प्रशिक्षण, प्रतियोगीता आदिको आयोजना गरिनेछ ।
- भिमसेनथापा गाउँपालिकामा अवस्थित खेलकूद मैदानलाई पूर्वाधारयुक्त सुविधा सम्पन्न रंगशाला, नियमित खेलकुद, खेल प्रतिष्ठान (Sport Academy) निर्माण गर्न संघीय र प्रदेश सरकारसँग पहल गरिनेछ ।
- प्रत्येक वडामा एक व्यवस्थित खेल मैदान स्थापना गर्दै लैजाने कार्यक्रमलाई आवश्यक पहल गरिनेछ ।
- पालिकास्तरीय भलिबल/फुटवल र विद्यालयस्तरीय खेलकुद कार्यक्रम आयोजना गरिनेछ ।
- खेलकुद विकास तथा नागरिकको स्वास्थ्यलाई ध्यानमा राख्दै खेल मैदानहरुको उचित संरक्षण र व्यवस्थापन गरिनेछ ।

- युवाहरुलाई कुलतमा फस्नबाट जोगाउन गैरसरकारी संस्थाहरुसँगको साझेदारीमा जनचेतनामूलक कार्यक्रम तथा रेडियोबाट सूचनामूलक सन्देशहरु प्रसारण गरिनेछ ।
- युवाहरुमा सीप विकास गरी स्वरोजगार बनाउन ड्राइभिङ्ग, कम्प्युटर तथा विविध कोर्षहरु र विभिन्न सीप विकासका तालिमहरु सञ्चालन गरिने छ ।
- युवाहरुलाई लोक सेवा आयोग तर्फ आकर्षण गराउन विभिन्न करियार काउन्सिलिङ लगायतको लोक सेवा तयारी कक्षामा अभिप्रेरित गरिनेछ ।
- युवाहरुलाई सीपमुलक प्राविधिक सिपमुलक तालिम स्वयंसेवक, गाउँप्रहरी, श्रम सहकारी खोज अनुसन्धान मुलक कार्य कला तथा साहित्य खेलकुद शैक्षिक क्षेत्र आदि मार्फत संगठित गरी परिचालन गर्दै नगरप्रहरी गठन तथा परिचालन गरी सुरक्षा विपद व्यवस्थापन आर्थिक विकास र उत्पादनमा लगाईनेछ ।
- पार्क तथा खुलाक्षेत्र निर्माण गर्दा न्यूनतम मापदण्ड कायम गरी महिला वालबालिका, जेष्ठ नागरिक र अपाङ्ग मैत्री बनाइनेछ ।
- वडास्तर र पालिकास्तरका खेलहरुमा खेल प्रतिभा छनौट गरी उत्कृष्ट खेलाडीहरुलाई तालिम प्रदान गरी राष्ट्रिय र अन्तराष्ट्रिय खेलाडी निर्माण गर्न आवश्यक सहयोग गरिने छ ।
- युवाहरुमा स्वरोजगारको विकास गर्न शहिद स्मृति स्वरोजगार कार्यक्रम संचालन गरिने छ ।
- नुमना कार्यक्रमको रुपमा शैक्षिक प्रमाण पत्र र परियोजना प्रस्तावलाई धितो राखेर युवाहरुलाई सरल कर्जा प्रवाहको व्यवस्था मिलाईनेछ ।
- गाउँपालिका भित्रका बेरोजगारहरुको दक्षता र सूची सहितको तथ्याङक संकलनको योजना रोजगारका कार्यक्रमहरु निर्माण गरिने छ ।
- बेरोजगार सहायता कोषको स्थापना गरिने छ ।
- पालिका भित्र रोजगारीको अबस्था सृजना गर्न बिकास निर्माणमा मानवीय श्रमको अधिकतम प्रयोगमा जोड दिइने छ ।

## ८. सहकारी तथा अन्य वित्तीय क्षेत्रसँग सम्बन्धी नीति :

- पालिका भित्रका सवै सहकारीहरुलाई अनिर्वाय उत्पादनमा जोड्ने नीति कार्यान्वयन गरिने छ ।
- गाउँ स्थित सहकारी संस्थाहरुको अनुमति, नियमन, विस्तार, प्रशिक्षण सम्बन्धी कार्यक्रम संचालन गरिने छ ।
- सहकारीको माध्यमबाट स्थानीय स्रोत श्रम, साधन सीप र पूँजीको अधिकतम परिचालन गरी आर्थिक, सामाजिक रुपान्तरण गरिने छ ।
- प्रत्येक वडामा एउटा कृषि बहुउद्देश्यिय/ श्रम सहकारीको स्थापना र संचालन गर्ने नीति अवलम्बन गरिने छ ।
- विभिन्न खालका सहकारी शिक्षा, सहकारी व्यवसाय प्रवर्द्धन जस्ता सहकारी सम्वन्धी आवश्यक तालिम संचालन गरिने छ ।
- सहकारी संस्थाको मापदण्ड कार्यान्वयन र नियमनमा विशेष जोड दिने नीति अवलम्बन गरिने छ ।
- सहकारीहरुलाई तीन खम्बे अर्थ नीति अन्तर्गत उत्पादन वृद्धिमा केन्द्रित गरिने छ ।

- सहकारीले मासिक रुपमा गाउँपालिकामा वित्तिय विवरण बुझाउनुपर्ने व्यवस्थालाई अनिवार्य गरिने छ ।
- स्थानीय सरकारको नीति तथा कार्यक्रम अनुसारको योजना बनाई सहकारी तथा अन्य वित्तीय संस्थाहरुले प्राथमिकतामा राख्नुपर्ने नीति बनाई कार्यान्वयन गरिने छ ।
- सहकारी संस्थाहरुलाई **COPOMIS Software** प्रणाली प्रयोगमा लगिनेछ ।
- उत्कृष्ट सरकारीलाई पुरस्कृत गरिने छ र सहकारीहरुलाई मर्जरमा जान प्रोत्साहन गरिने छ ।
- सहकारी क्षेत्रको विकासका लागि पालिकामा सहकारी हेर्ने गरी कर्मचारीको व्यवस्था गरिने छ ।
- पालिकास्तरीय सहकारी संघ र विषयगत संघ गठन गरी प्रभावकारी परिचालन गर्न आवश्यक कानूनी व्यवस्था मिलाइने छ ।

## ९. सामाजिक विकास सम्बन्धी नीतिहरु :

- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति कार्यान्वयन गरी समाजमा रहेका सवै प्रकारका विभेदको अन्त्य गर्दै उत्पीडनमा परेका वर्ग, क्षेत्र  लिङ्गका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।
- उपाध्यक्ष नेतृत्व विकास तथा किशोर किशोरी शिक्षा कार्यक्रम संचालन गरिने छ ।
- गरिवसँग विश्वेश्वर कार्यक्रम सञ्चालन गरि गरिव पहिचान परिचयपत्र वितरण कार्यलाई निरन्तरता दिइर्नछ ।
- महिलामैत्री सबलीकरण कार्यक्रम सञ्चालन गरिने छ ।
- फरक क्षमता भएका व्यक्ति, ज्येष्ठ नागरिक र जोखिममा परेका नागरिकका लागि ***सुरक्षित सेल्टर***को व्यवस्था गरिने छ । सिमान्तकृत तथा विपन्न वर्गहरुको लागि विशेष कार्यक्रम ल्याईनेछ ।
- आर्थिक सामाजिक रुपले विपन्न वर्ग तथा समुदायको उत्थानको लागि आय आर्जन तथा सीप विकासका कार्यक्रम मार्फत गरीवी न्युनीकरण, रोजगारी प्रवर्द्धन जस्ता कार्यक्रमलाई विशेष प्राथमिताका साथ अगाडि बढाईने छ ।
- सामाजिक सुरक्षा तथा व्यक्तिगत घटनादर्ता प्रणाली सुदृढीकरण गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिने छ ।
- हरेक शहिद तथा वेपत्ताहरुको सम्मानमा कम्तीमा एक योजना तथा परियोजनाहरु सञ्चालन गरिने छ ।
- आत्महत्या न्यूनिकरण गर्नका लागि विभिन्न संघ संस्थाहरुसँगको सहकार्यमा जनचेतनामूलक कार्यक्रमहरु संचालन गरिने छ ।
- मदिरा तथा सूर्तिजन्य पदार्थको सेवनले समाजमा देखिएका विभिन्न समस्याहरुलाई न्यूनिकरण गर्दै लैजाने गरी कार्यक्रमहरु संचालन गरिने छ ।
- बुढीगण्डकी वृद्धाश्रम सञ्चालनका लागि सञ्चालन अनुदान निरन्तरता दिइनेछ ।
- जनयुद्ध तथा जनआन्दोलनमा सहादत प्राप्त गरेका सहिद परिवारलाइ कार्यविधि बनाई मासिक एक हजार रुपैया भत्ता उपलब्ध गराइने छ ।
- ***मतदाताको घरदैलोमा जनप्रतिनिधि कार्यक्रम*** सञ्चालन गरिने छ ।
- *एक वडा एक जेष्ठ नागरिक मिलन केन्द्र* निर्माणका कार्यक्रम सुरु गरिने छ ।
- गाउँपालिकाका पूर्वाधारहरुमा स्रोत परिचालन गर्न ***नगर विकास कोष***मा गाउँपालिकाको शेयर स्वामित्व रहने गरी आवश्यक प्रबन्ध मिलाईने छ ।

- पालिकालाई ***सहयोगपेक्षी सडक आश्रित मानवमुक्त पालिका*** निर्माण गर्न एक छाक भोजन र एक सरो कपडाको अभावमा सडकपेटी एवं सार्वजनिक स्थलमा कष्टकर जीवन बिताउने मानवजनलाई आवश्यक व्यवस्था गरिनेछ ।
- नागरिकको स्वास्थ्यलाई मध्यनजर गर्दै प्लाष्टिकजन्य पदार्थको प्रयोगलाई निरुत्साहित गर्दै ***कमसलखालको मदिरा ( पुन्टे रक्सी)*** लाई प्रतिबन्ध गर्न अभियान चलाईनेछ ।

## १०. संस्कृति प्रवर्द्धन सम्बन्धी नीतिहरु :

- विभिन्न जातजाती र समुदायहरुको संस्कृति संरक्षणका लागि आवश्यक कार्यक्रमहरु सञ्चालन गरिने छ ।
- साँस्कृतिक सम्पदाको अध्ययन तथा तथ्याङक संकलन गरी आर्थिक विकासमा टेवा पुयाउने सक्ने सम्पूर्ण सम्पदा तथा संस्कृति झल्काउने स्थान र समुदायको संरक्षण र व्यवस्थापनमा जोड दिइनेछ ।
- स्थानीय संस्कृति तथा सम्पदालाई असर गर्ने सवै खालका गतिविधि रोकथाम नियन्त्रण र नियमन गरिनेछ ।
- स्थानीय संस्कृतिको संरक्षणका लागि आफ्नो मौलिक संस्कारलाई जोगाउन संस्कृति संरक्षण कार्यक्रम संचालन गरिने छ ।
- सबै धार्मिक समुदायको परम्परागत संस्कृति विकासका निम्ति ***पालिकास्तरीय धार्मिक सम्मेलन*** गरी आवश्यक कानून बनाईने छ ।
- संविधान दिवस, जनयुद्ध दिवस र गणतन्त्र दिवसलाई विशेष कार्यक्रम गरी जनमन र समाजमा विशेष पर्वका रुपमा स्थापित गरिने छ ।
- धार्मिक तथा साँस्कृतिक महत्व बोकेका सम्पदाहरुको संरक्षण एवं व्यवस्थापन गर्न ***एक धार्मिक तथा साँस्कृतिक क्षेत्र विकास कोष***को स्थापना गरिनेछ ।
- सबै धार्मिक संघ संस्था, मन्दिर, गुम्बा, चर्च, मस्जिद र गुठीलाई दिँदै आएको अनुदान रकम पुरातात्विक धार्मिक तथा सांस्कृतिक महत्वका मन्दिर, गुम्बा, मस्जिद, चर्च आदिको संचालन, व्यवस्थापन तथा मर्मत संभार सम्वन्धी कार्यविधि, २०७६ बमोजिम गाउँपालिकामा संरक्षण समिति दर्ता गरि अनिवार्य रुपमा प्यान नं र लेखा परिक्षण प्रतिवेदनका आधारमा मर्मत, संभार तथा व्यवस्थापन अनुदान रकम सम्झौता गरि उपलब्ध गराईनेछ ।

## ११. सडक तथा पूर्वाधार विकास सम्बन्धी नीतिहरु :

- ***"गाउँपालिकाको जोड, बाह्रै महिना रोड"*** कार्यक्रम वडादेखि पालिकाको केन्द्रसम्म र वडामा बाह्रै महिना सडक सूचारु गर्ने हुनसक्ने गरी सडक स्तरोन्नती गरिने छ ।
- गाउँ क्षेत्र भित्र तथा बाहिरका सडकलाई एकिकृत तवरले यातायातको सुविधा पुऱ्याउन गाउँ यातायात गुरुयोजना अनुसार सडक निर्माण तथा विस्तार गरिनेछ ।
- सडक किनारामा सौन्दर्यता र आयमूलक कार्यक्रम सहितको वृक्षारोपणको नीति अवलम्बन गरिने छ ।
- पालिका भित्रका सवै सडकको अभिलेखीकरण गरी सवै सडकहरु अद्यावधिक गरिनेछ ।
- सडक तथा यातायात विस्तार गर्दा पानीका श्रोत, वनजंगल, प्राकृतिक स्रोत तथा धार्मिक क्षेत्र विस्थापित नहुने गरी डिजाइन गरिनेछ ।

- सबै किसिमका पूर्वाधार निमार्ण गर्दा फरक क्षमता भएका व्यक्ति र जेष्ठ नागरिकको पहुँच सुनिश्चित हुने गरी निर्माण गरिनेछ ।
- शहरी योजना तथा भवन निर्माण मापदण्ड, २०७२ को पूर्ण पालनामा जोड दिईने छ ।
- गाउँपालिकाको सुव्यवस्थित विकासको लागि आर्थिक सामाजिक, भौतिक, शैक्षिक, ऐतिहासिक पर्यटकीय लगायतका क्षेत्रहरुलाई समेटेर हाल निर्माणाधिन भिमसेनथापा चक्रपथको निर्माण गर्ने कार्यलाई शिघ्रताका साथ अगाडि बढाईने छ । दास्रो खण्डको IEE गरी थप स्रोत र साधनको लागि प्रदेश र संघ सरकारसँग आवश्यक समन्वय गरिने छ ।
- सडकको क्षेत्राधिकार भित्रका घर टहराहरु हटाउने र दुर्घटना मुक्त क्षेत्रको रुपमा विकास गर्ने नीतिलाई अवलम्बन गरिने छ ।
- यातायात क्षेत्रलाई व्यवस्थित बनाउनका लागि पालिकाभित्र हेलिप्याड र वसपार्कको निर्माणको सम्भाव्यता अध्ययन गरी निर्माण कार्यलाई अगाडी बढाइने छ ।
- पाँच वर्षे सडक रणनीतिक योजना अनुरुप गाउँ क्षेत्र भित्रका सडकहरुलाई सुदृढीकरण तथा स्तरोन्नति गर्दै ढलान तथा कालोपत्रे गर्न जोड दिईने छ ।
- सडकको दायाँ बायाँ हरियाली प्रवर्द्धन गरी हरित गाउँपालिकाको रुपमा विकास गरिने छ ।
- गाउँक्षेत्र भित्र सञ्चालनमा रहेका सार्वजनिक यातायातका साधनहरुलाई व्यवस्थित गरी समायानुकुल भाडा दर समायोजनका लागि आवश्यक पहल गरिने छ ।
- प्रत्येक वडाका सडक, खानेपानी, सिञ्चाई र फोहोर व्यवस्थापन गर्न ***योजना बैंक निर्माण*** गरी प्राथमिकताको आधारमा त्यस्ता पूर्वाधारहरु निर्माण गर्दै लगिने छ ।
- गाउँपालिका भित्रका सबै वडामा हाल रहेको सामुदायिक विद्युत प्रणालीलाई राष्ट्रिय विद्युत प्रणालीमा लैजान आवश्यक पहल गरिने छ ।
- वैकल्पिक उर्जाको विकास तथा पालिका भित्र सौर्य ऊर्जा जडानका लागि आवश्यक पहल गरिने छ ।
- गाउँको सबै वडाहरुमा ठूला योजनाहरु सडक, खानेपानी, सिञ्चाई एवं अन्य पूर्वाधार निर्माणमा DPR निर्माण गरी व्यवस्थित रुपमा कार्य गरिने छ ।
- गाउँपालिकाको मुख्य सडक भिमसेनथापा चक्रपथ, कयापानी चौतारा बालुवाटार, आरुघाट क्यामुन्टार, भिंगटे अश्राङ्ग बोर्लाङ्ग हुदै घाटबेशी र वडाका मुख्य सडकहरुलाई व्यवस्थित बनाई बाह्रै महिना न्यूनतम रुपमा एम्बुलेन्स चल्न सक्ने बनाउन आवश्यक पहल गरिने छ ।
- गाउँभित्रका विद्युतको काठे पोललाई पूर्ण रुपमा विस्थापित गर्न आवश्यक पहल गरिनेछ ।
- ग्रामिण यातायात मार्फत ८ वटै वडाहरुमा यातायात सेवालाई नियमित गर्न आवश्यक पहल तथा व्यवस्थापन गरिने छ । निजी क्षेत्रलाई स्थानीय यातायात संचालन गर्न अभिप्रेरित गरिनेछ ।
- नयाँ ट्रयाक खोल्ने कार्यलाई निरुत्साहित गर्दै भएका सडकको स्तरोन्नतीमा जोड दिइने छ ।
- वडा कार्यालयको आफ्नै भवन नभएको वडाहरुमा क्रमशः वडा कार्यालय भवनको निर्माण गरिने छ । आगामी आ.ब. मा वडा नं. ६ को भवन निर्माण सम्पन्न गरिनेछ भने बाँकी वडाको लागि प्रक्रिया थालनी गरिने छ ।
- आगामी आ ब मा गाउँपालिकाको प्रशासकीय भवन निर्माण कार्यलाई सम्पन्न गरिने छ ।
- लागत साझेदारी/सहभागितामा योजना कार्यान्वयन गर्ने विधिलाई प्राथमिकता दिईने छ ।

- साना टुक्रे योजना कार्यान्वयनलाई निरुत्साहित गरी ठूला र जनताले अनुभूति गर्ने खालको योजना निर्माण र कार्यान्वयनमा जोड दिईनेछ ।
- पूर्वाधार निर्माणमा सार्वजनिक निजी साझेदारी नीति अनुशरण गरी लागू गरिने छ ।
- कुनै आयोजना तथा कार्यक्रममा दोहोरोपना पर्न गएमा गाउँ कार्यपालिकाको बैठकबाट उक्त आयोजना तथा कार्यक्रमहरुलाई संशोधन गरिने छ ।
- एक वडा एक प्राविधिकको व्यवस्था गरी पूर्वाधार निर्माणको कार्यलाई गुणस्तरीय र व्यवस्थित गरिने छ
- विभिन्न धार्मिक समुदायहरुको मृत्युपछि प्रयोग हुने घाट तथा कब्रस्थानको व्यवस्था गरिने छ ।
- ल्याण्ड पुलिङ्ग गरी संचालन गरिने एकीकृत विकास योजनाहरुलाई आयोजना बैंकमा समावेश गरी विशेष प्राथमिकताका साथ कार्यान्वयन गरिने छ ।
- एक टोल एक विशेष योजना र एक वडा एक गौरवका आयोजना संचालन गरिने छ ।
- प्रत्येक शहिद तथा वेपत्ताको नाममा केहि न केहि योजनाहरु संचालन व्यवस्थित गरिनेछ र त्यस्तो योजनाहरुलाई विशेष प्राथमिकता दिइने छ ।
- व्यवस्थित पूर्वाधार विकासका लागि अल्पकालिन, मध्यकालिन र दीर्घकालिन योजनाहरुको छनौट गरी क्रमश कार्यान्वयन गरिने छ ।साथै आवधिक योजना तथा क्षेत्रगत नीतिहरुको समयानूकुल सुधार तथा पुनरावलोकन गरिने छ ।
- पूर्वाधारको हालसम्मको अवस्थाको यथार्थ समेटिने गरी अभिलेखिकरण गरिने छ ।
- उपभोक्ता समितिहरुबाट संचालन गरिने योजनाको सम्झौता कार्यान्वयन र भुक्तानी प्रक्रियालाई सहज र सरल बनाइने छ ।
- उपभोक्ता समितिहरुलाई अभिमुखिकरण तालिम संचालन गरेर मात्रै योजना निर्माण प्रक्रिया अगाडी बढाइने छ ।
- पालिकाभित्रको विभिन्न खोलाहरुमा संघीय सरकारसँगको लागत साझेदारीमा झोलुङ्गे पुल निर्माण कार्यलाई अगाडी बढाइने छ ।जीर्ण झोलुङ्गे पुलको मर्मत सम्भार गरिने छ ।
- योजना निर्माण तथा कार्यान्वयनमा उपभोक्ताहरुको १५ प्रतिशत सहभागिताको कटौति गरी १० प्रतिशत बनाईनेछ । भने निर्माण पछिको मर्मत सम्भार कार्यको लागि सबै आयोजनाहरुमा ५ प्रतिशत धरौटिको व्यवस्था गरिनेछ ।
- पालिका भित्र मेगा सिटी र स्मार्ट सिटी सम्भाव्यता अध्ययन गरी अगाडि वढाइने छ ।
- गाउँपालिका भित्र रहेका चार मुख्य धार्मिक समुदायको राष्ट्रिय अन्तराष्ट्रिय स्तरको तिर्थ स्थल निर्माण गर्न सम्भाव्यता अध्ययन गरी अगाडि वढाइने छ ।

## १२. खानेपानी तथा सरसफाई सम्बन्धी नीतिहरु :

- खानेपानीको स्रोत संरक्षण तथा उपयुक्त पुर्वाधार विकास गरी खानेपानीको आपुर्ति व्यवस्था गरिनेछ । सबै गाउँवासीहरुलाई भरपर्दो र शुद्ध र गुणस्तरीय खानेपानीको सेवाका लागि 'एक घर एक धारा' कार्यक्रमलाई सबै वडाहरुमा विस्तार गर्दै लगिनेछ ।
- सबै खानेपानी आयोजनाहरुलाई समितिमा आवद्ध गरी न्यूनतम शुल्कको व्यवस्था गरी कोषको सञ्चालन गरिने छ ।

- भिमसेनथापा गाउँपालिका WASH गठन गरी सबै खानेपानी समितिहरुको नियन्त्रण र एकीकृत विकासमा जोड दिइने छ ।
- साना लिफ्टिङ्ग खानेपानी तथा सिंचाई आयोजनाहरुलाई प्रदेश सरकारसंगको समन्वयमा विद्युत महसुल अनुदान उपलब्ध गराईने छ ।

**१३. सिंचाई सम्वन्धी सम्बन्धी नीतिहरु :**

- गाउँपालिका क्षेत्र भित्रको प्रत्येक खेतीयोग्य जमिनमा बाह्रै महिना सिंचाई सुविधा प्रदान गर्नको लागि साना तथा ठूला सिंचाई आयोजनाहरु संघीय र प्रदेश सरकारसँग समन्वय गरी अगाडी बढाईने छ ।
- सिंचाई सुविधाको लागि वैकल्पिक पद्धतिको समेत विकास गरिने छ ।
- गाउँको विभिन्न क्षेत्रमा एक वडा एक बहुउपयोगी पुनर्जलिय (Refil Tank) निर्माण कार्यको सम्भाव्यता अध्ययन गरी कार्य अगाडी बढाईने छ ।
- आकाशेपानी संकलन गरी सुख्खा क्षेत्रमा तरकारी खेती लगायतका लागि *'एक वडा, एक पानी पोखरी* कार्यक्रम सञ्चालन गरिनेछ ।

**१४. भवन तथा विकास सम्वन्धि नीतिहरु :**

- यस गाउँपालिकावाट पास गरिने घरजग्गा तथा नक्साहरुलाई स्वचालित तथा व्यवस्थित वनाउन नक्सा पास प्रकियालाई अनलाईन सेवामा आवद्ध गरि पालिका भित्रका सबै भवनहरुको अद्यावधिक कार्य सम्पन्न गरिनेछ ।
- नक्सा पास सम्वन्धमा जनचेतना जगाई कुनै पनि घर, टहरा नक्सा पास गरेर मात्र बनाउने अवस्थाको सिर्जना गरिने छ ।
- एकीकृत वस्ती विकासको कार्यक्रमलाई प्राथमिकता दिईने छ र सोको लागि सम्भाव्यताको अध्ययन गरिने छ ।
- सार्वजनिक तथा निजि भवनहरुको निर्माण गर्दा प्रभावकारी रुपमा राष्ट्रिय भवन संहिताको पालनामा जोड दिईने छ ।
- गाउँपालिकालाई वातावरणमैत्री गाउँपालिका निर्माण गर्नको लागि यस आ.व. भित्रमा नै *एक घर दुई रुख तथा एक घर दुई गमला* अभियानको रुपमा संचालन गरी प्रभावकारी रुपमा कार्यान्वयन गरिने छ ।
- सामुदायिक विद्यालय भवन, जेष्ठ नागरिक विश्राम गृह, आमा समूह भवन, तथा अन्य संघ संस्थाको भवनको लागि गाभिएका विद्यालयका तथा अन्य संघ संस्थाका भवनहरुलाई प्रयोगमा ल्याइने व्यवस्था गरिनेछ र सम्भव नभएमा मात्र निर्माणमा वजेटको व्यवस्था गरिने छ ।

**१५. उर्जा सम्बन्धी नीतिहरु :**

- सबै शाखा र वडाहरुमा वैकल्पीक उर्जाको आवश्यक व्यवस्था गरिने छ ।
- सोलार प्रणालीवाट विद्युत उत्पादनलाई संघीय तथा प्रदेश सरकारसँग आवश्यक समन्वय गरी प्रक्रिया अगाडी बढाईने छ ।
- घ्याम्पेशालमा निर्माणाधिन सव स्टेसनको कामलाई यथाशिघ्र सम्पन्न गर्न आवश्यक पहल गरिने छ ।

## १६. सूचना तथा सञ्चार प्रविधि सम्बन्धी नीतिहरु :

- गुणस्तरीय इन्टरनेट सेवाका लागि आवश्यक पहल गरिने छ । पालिकालाई स्मार्ट पालिकाको रुपमा बिकास गर्ने अबधारणालाई तिव्रताका साथ अघि बढाइने छ ।
- गाउँपालिकावाट सञ्चालित विविध विकास कार्यक्रम, सेवा प्रवाह सार्वजनिक गरी पारदर्शिता र जवाफदेहितामा अभिवृद्धि गरिने छ ।
- सूचना माग्ने र पाउने आम नागरिकको नैसर्गिक अधिकार भएकोले सोको प्रत्याभूति गर्न गाउँपालिकाले आफ्ना गतिविधिहरुलाई विभिन्न माध्ययमवाट सहज र सर्वसुलभ रुपमा प्राप्त गर्न सक्ने तथा सार्वजनिक गर्ने व्यवस्था मिलाईने छ ।
- पालिकावासी नागरिकहरुलाई गाउँपालिकाले गरेका सकारात्मक कार्यको बारेमा जानकारी दिन स्थानीय एफ.एम रेडियोबाट कार्यक्रम उत्पादन गरी प्रशारण गरिने छ । गाउँपालिकाको गतिविधिहरु स्थानीय पत्रपत्रिका, केवल टेलिभिजनहरु, अनलाईनहरु माफर्त पनि आवश्यकता अनुसार प्रकाशन र प्रसारण गरिनेछ ।
- सूचना तथा संचार क्षेत्रको संरक्षण, प्रवर्दन र विकास गर्न आवश्यक योजना बनाएर लागू गरिने छ ।
- पालिकाका मुख्य बजार एरियाहरुमा Free WiFi Zone बनाईने छ ।
- मोवाईल एप मार्फत घर घरबाट नै सेवा लिन सक्ने गरी कार्य अगाडी बढाईने छ ।
- पालिका प्रवेश गर्ने मुख्य नाकाहरु र वजारक्षेत्रहरुमा CCTV जडान गरिनेछ ।
- Cyber Crime न्युनिकरण तथा रोकथामका लागि विभिन्न संघसंस्थाहरुसँगको साझेदारीमा विद्यालय तथा वडाहरुमा सचेतना कार्यक्रम संचालन गरिनेछ ।
- Open Data प्रणालीको अवलम्वन गाउँपालिकाले पूर्ण रुपमा गर्दै जाने नीति अवलम्वन गरिने छ ।
- सेवाग्राही नागरिकको कार्य छिटो छरितो गर्नका लागि एप्सको प्रयोग गरिने छ ।
- गुनासो व्यवस्थापनलाई प्रभावकारी बनाउँदै कार्य प्रति जवाफदेही बनाइने छ ।
- यसै आ.व.बाट नै प्रत्येक विद्यालयमा इन्टरनेटको पहुंचमा सुनिश्चितता प्रदान गरिने छ ।
- पालिकाको आफ्नै *डाटा सेन्टर स्थापना*को लागि कार्य अगाडी बढाइने छ ।
- भुक्तानी प्रणालीलाई थप पारदर्शी र सहज बनाउन अनलाइन भुक्तानी व्यवस्थित गरिने छ ।

## १७. वन वातावरण तथा भू-संरक्षण सम्बन्धी नीतिहरु :

- सफा र हरियाली गाउँपालिका निर्माणका लागि हरित सडक, खोला खोल्सामा वृक्षारोपण, बाँस रोपण, रुख तथा बाँसद्धारा तटवन्धन, सामुदायिक भवनको संरक्षण, खाली ठाँउमा वृक्षारोपण आदि कार्य गरिने छ ।
- बजार क्षेत्रमा घरको छत र वरण्डामा कौसी खेतीको शुरुवात गरी बजारलाई सफा र हरियो गाउँको रुपमा विकास गरिनेछ ।
- वातावरण संरक्षणका लागि डिभिजन वन कार्यालय तथा प्रदेश सरकारसंग समन्वय गरी वन संरक्षण, विकास, विस्तार र आयआर्जनको कार्य अगाडि वढाईने छ ।

- गाउँपालिका क्षेत्रभित्र संचालित ठूला आयोजनाहरुको निर्माणमा वातावरणीय प्रभाव मूल्यांकन र Bio Engineering को प्रविधि अवलम्बन गरिने छ ।
- वनलाई आयआर्जनसँग जोड्ने गरी वन सामुदायिक वन उपभोक्ता समितिलाई सशक्त बनाउँदै दिगो वन विकासमा वन कार्यालयसँगको साझेदारीमा विविध कार्यक्रम अगाडी बढाइने छ ।
- वन जंगलको विस्तार तथा भूक्षय नियन्त्रणको लागि वृक्षारोपण कार्यलाई प्रभावकारी रुपमा अगाडि बढाईने छ ।
- वन कार्यालय तथा अन्य सम्बद्ध सरकारी तथा गैर सरकारी निकायहरुको साझेदारीमा नर्सरीहरुको स्थापना र विस्तार गरिने छ ।
- सामुदायिक वन उपभोक्ता समिति र वन समूहमा रहेको कोषलाई प्रभावकारी रुपमा परिचालन गरी वन उपभोक्ता महासंघलाई व्यवस्थित र प्रभावकारी बनाउँदै लगिनेछ ।
- वन पैदावार तथा जडिबुटिका स्रोत सर्वेक्षण कार्यक्रम संचालन गरिनेछ ।
- वन, चरन क्षेत्र, सिमसार र जैविक विविधता समेत संबोधन हुने गरी दिगो व्यवस्थापनका लागि जैविक स्रोत संरक्षण अभियानलाई प्राथमिकता दिइनेछ ।
- स्थानीय समुदायको सहयोगमा गाउँको विभिन्न स्थान र सडक किनारामा प्रतिष्पर्धात्मक तवरले वृक्षारोपण र पुष्पवाटिका निर्माण जस्ता हरियाली पर्वद्धन कार्य गरिनेछ ।
- सामुदायिक वन उपभोक्ता समुहको दैनिक आम्दानी र खर्चको व्यवस्थित अभिलेखिकरण गर्न ***सामुदायिक वन उपभोक्ता समुहलाई वित्तिय साक्षरता र लेखा परिक्षण सम्बन्धी कार्यक्रम*** संचालन गरिन्छ ।
- सामुदायिक वन उपभोक्ता समुहलाई वन डढेलो नियन्त्रण, सुरक्षा सामग्री वितरण, क्षतिपुर्तिको र आगजनी दुर्घटना बिमाको व्यवस्था गरिनेछ ।
- वनमा रहेका काष्ठ तथा गैरकाष्ठ प्रजातिको उचित व्यवस्थापन, खेर गएको वनस्रोतको सदुपयोग र आर्थिक कृयाकलापको वृद्धि गरि रोजगारीको अवसर सृजना गर्न ***सामुदायिक वनमा काष्ठ तथा गैह्रकाष्ठ प्रशोधन केन्द्र स्थापना***को लागि पहल गरिनेछ । साथै अन्य ***कृषि वन कार्यक्रम***लाई पनि प्रोत्साहन गरिनेछ ।
- जैविक विविधता संरक्षण हुने गरि ***एक सामुदायिक वन एक पानी पोखरी*** निर्माण गरिनेछ । नवनिर्मित प्रशासकिय भवनमा ***गैह्रकाष्ठ वन पैदावर Herborium*** स्थापना गरिनेछ ।

**१८. जलाधार संरक्षण तथा जलवायु परिवर्तन सम्बन्धी नीतिहरु :**

- जलाधार तथा सिमसार क्षेत्रको पहिचान गरी प्रभावकारी संरक्षणको व्यवस्था मिलाईने छ ।
- नदीजन्य पदार्थ जस्तैः ढुंगा, गिट्टी, बालुवाको आंकलन गरी निर्दिष्ट क्षेत्रहरुबाट त्यस्ता वस्तुको उत्खनन, संकलन, प्रसोधन ओसारपसार र विक्रि वितरणलाई व्यवस्थित र प्रभावकारी बनाईने छ ।
- जलवायु परिवर्तनसँग अनुकुलन हुने गरी आयोजना तथा कार्यक्रमहरु सञ्चालन गरिने छ ।
- जलवायु परिवर्तनबाट पर्ने वहुआयामिक प्रभावको असर विश्लेषण गरी त्यसको न्यूनीकरणका लागि आवश्यक समन्वय र पहल गरी विभिन्न कार्यक्रमहरु सञ्चालन गरिने छ ।

**१९. सरसफाई फोहोरमैला व्यवस्थापन सम्बन्धी नीतिहरु :**

- फोहोरमैला प्रशोधनमा आधुनिक प्रविधि प्रयोग गरिने छ । चक्रपथको निश्चित दुरीमा शौचालय र अन्य सुविधा सहितको सेवाकेन्द्र सञ्चालन ल्याउने गरी कार्यक्रम अगाडी बढाइने छ ।
- घर निर्माणको अनुमति प्रक्रियामा उपयुक्त मापदण्डको शौचालय र सेफ्टीटॉक निर्माणलाई अनिवार्य गरिनेछ ।
- फोहोर उत्पादन कम गर्ने तथा पुनः प्रयोग गर्न सचेतना प्रदान गर्नका लागि जनचेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ ।
- Zero Waste Concept मा गई संकलित फोहरलाई आधुनिक प्राविधि प्रयोग गरी श्रोतको रुपमा उपयोग गर्ने नीति लिईने छ । फोहोरवाट आधुनिक प्रविधि अपनाई वहुउपयोगी बनाइने छ । साथै Plastic Block & Bitumin तथा अन्य रिसाइक्लीन विधी अपनाइने छ ।
- गाउँपालिकालाई पूर्ण सरसफाईयुक्त पालिका घोषणा गर्नेतर्फ अभियान सूरु गरिने छ ।
- मुख्य बजार क्षेत्रमा ढलको व्यवस्थापनलाई प्रभावकारी रुपमा अगाडि बढाईने छ ।
- तोकिएका मापदण्ड बाहेकका प्लाष्टिक उत्पादन र प्रयोगमा प्रतिबन्ध र प्लाष्टिकजन्य पदार्थ पुनः प्रयोगको नीति अवलम्बन गरिनेछ ।
- नदीको स्वच्छता कायम राख्न फोहोरमैला नदी तथा जलस्रोतमा मिसाउने कार्य नियन्त्रण गरिनेछ ।

## २०. प्रकोप नियन्त्रण र विपद् व्यवस्थापन सम्बन्धी नीतिहरु :

- विपद् र महामारीको पूर्व तयारी प्रतिकार्यका लागि वडा अध्यक्षको संयोजकत्वमा न्यूनतम ११ जनाको स्वंयमसेवक टिम वडाअध्यक्षको संयोजकत्वमा गठन गरि सो टोलीलाई आवश्यक तालिम दिँदै उद्धार, राहत तथा पुर्ननिर्माण कार्यमा परिचालन गरिने छ ।
- विपद्को अवस्थामा तत्काल उद्धारको लागि आवश्यक सामग्रीहरु तथा सुरक्षित वासस्थानको व्यवस्था गरिने छ ।
- गाउँभित्र हुने भूस्खलन, बाढी पहिरा, आगलागी, भुकम्प, आदि जस्ता प्राकृतिक विपत्ति र अन्य कृतिम विपत्तिबाट तुरुन्त राहत कार्य गर्न गाउँपालिका, सेना सशस्त्र प्रहरी, नेपाल प्रहरी, जिल्ला प्रहरी, स्काउट र रेडक्रससँग समन्वय गरी तुरुन्त प्राथमिक राहत र दीर्घकालीन योजना वनाउन गा.पा.मा ***विपद् व्यवस्थापन केन्द्र*** स्थापना गरिने छ ।
- विपद् व्यवस्थापन कार्यमा उद्धारको लागि सहजताको लागि प्रत्येक वडामा हेलिप्याड निर्माणको पहल थालिने छ ।
- विपद् व्यवस्थापन कोषको वृद्धिको लागि सार्वजनिक नीजि र गैरसकारी संस्थाहरु सँग समन्वय गरिने छ ।
- गाउँपालिकामा कार्यरत कर्मचारीहरुलाई विपद् व्यवस्थापन सम्बन्धी अभिमुखिकरण तालिम संचालन गरिने छ ।

## २१. सुशासन तथा संस्थागत विकास सम्बन्धी नीतिहरु :

- नागरिकहरुलाई छिटो छरितो सेवा प्रदान गर्न आवश्यक नीति अवलम्बन गरिने छ ।
- सेवाग्राहीमैत्री वातावरण निर्माण गरिने छ । जनप्रतिनिधि र कर्मचारीहरुबाट मुस्कान सहितको सेवा service with smile को नीति अवलम्बन गरिने छ ।

- *पालिकाको सुशासन नीति* तर्जुमा गरी लागु गरिने छ । साथै पालिकाको आन्तरिक नियन्त्रण प्रणाली र सार्वजनिक सेवा मापदण्डलाई पूर्ण रुपमा कार्यान्वयन गरिनेछ ।
- राष्ट्रसेवक कर्मचारीहरुलाई काममा उत्प्रेरित गरिने छ । सेवा सुविधालाई समय सान्दर्भिक बनाउदै लगिने छ ।
- पालिका र नागरिक बिच प्रत्यक्ष सम्पर्क बढाउने गरी प्रविधिको प्रयोगमा जोड दिइने छ ।
- गाउँसभा संचालन कार्यविधि २०७५ मा उल्लेखित मर्यादा पालन सम्बन्धी विविध विषयहरुलाई कडाईका साथ पालनामा जोड दिईने छ ।
- जननिर्वाचित प्रतिनिधिहरुका लागि आचारसंहिता लागू गरिने छ ।
- गाउँ कार्यपालिकाको वैठकवाट स्वीकृत वैठक सञ्चालन सम्बन्धि कार्यविधिको पालनामा जोड दिईने छ ।
- मितव्ययी तथा पारदर्शी आर्थिक प्रणाली अपनाईने छ । जनताका तमाम कामहरू सहज र सरल ढंगले सम्पादन गर्न जोड दिइने छ ।
- अक्षर पढ्न नजान्ने नागरिकहरुलाई सेवा प्रवाहको बारेमा जानकारी पुऱ्याउन पालिका तथा सवै वडामा अडियो भिडियो सहितको नागरिक वडापत्रको व्यवस्थाका लागि पहल गरिने छ ।

## २२. मानव संसाधन विकास सम्वन्धी नीतिहरु :

- मानव संशाधन विकासका लागि आवश्यक कानूनी व्यवस्था गरिने छ ।
- जनप्रतिनिधि तथा कर्मचारीहरुको क्षमता विकास गर्न आवश्यक तालिमको व्यवस्था गरिने छ ।

## २३. संस्थागत क्षमता विकास सम्बन्धी नीतिहरु :

- सुशासन स्थापनाको लागि आवश्यक कानून, नियम, विनियमावली, कार्यविधि आदिको निर्माण गरी Chain of Command निर्माण गरिने छ ।
- सवै कर्मचारीहरुको कार्य विवरण वनाई अनिवार्य रुपमा लागू गरिने छ । पालिका अध्यक्षले प्रमुख प्रशासकीय अधिकृतसँग र प्रमुख प्रशासकीय अधिकृतले शाखा प्रमुखहरुसँग कार्यसम्पादन करार सम्झौता पूनरावलोकन गरी निरन्तर अगाडी बढाइने छ । साथै दैनिक कार्य विवरण फारम भरी मासिक प्रतिवेदन केन्द्रीत कामलाई प्रभावकारी बनाइनेछ ।
- पालिकाको संस्थागत क्षमता वृद्धिका लागि भौतिक पूर्वाधार विकास तथा अभिलेख प्रणालीलाई व्यवस्थित गर्दै लगिने छ ।
- उत्कृष्ट कार्य गर्ने गाउँपालिकाका कर्मचारी, उपभोक्ता समिति, फोहरमैला व्यवस्थापन समिति, टोल विकास समिति, सञ्चारकर्मीलाई पुरस्कृत गर्ने पद्धतिको थालनी गरी यसलाई निरन्तरता दिईने छ ।
- गाउँ कार्यपालिकाको वैठकवाट स्वीकृत भिमसेनथापा गाउँपालिकाको कार्य सम्पादन तथा कार्य विभाजन नियमावलीको पूर्ण पालनामा जोड दिईने छ ।
- भिमसेनथापा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय तथा अर्न्तगतका वडा कार्यालय तथा शाखा कार्यालयबाट प्रदान गरिने सेवा प्रवाह जनमैत्री, पारदर्शिता वस्तुनिष्ठता तथा समसामयिक बनाउँदै लगिनेछ ।

- कर्मचारीहरुको सरुवा वृत्ति विकास समायोजन तथा अन्य विविध कारणबाट रिक्त भएको दरवन्दीहरुको यथाशिघ्र व्यवस्थापन गर्नका तालुक निकायमा पहल गर्नुपर्ने र उक्त दरवन्दीमा रिक्त अवस्थामा वैकल्पिक व्यवस्थापनलाई जोड दिइनेछ ।
- जनप्रतिनिधी तथा कर्मचारीहरुको क्षमता अभिवृद्धि गर्नका लागि विभिन्न प्रतिफलमुलक कार्यक्रमहरुमा जोड दिइनेछ ।
- E-GOVERNANCE को अवधारणालाई पुर्ण रुपमा लागू गर्नका लागि जोड दिइने छ ।
- कर्मचारी सरुवा हुनु कारणहरु खोज गरि कर्मचारीहरुलाई उत्पेरण जगाउने किसिमका कार्यक्रमहरुमा जोड दिईने छ ।
- सुशासन ऐन तथा नियामावलीले निदिष्ट गरे बमोजिममा कार्यहरुको अनुगमन तथा सुपरिबेक्षणकोमासिक/त्रैमासिक/चैमासिक/अर्धवार्षिक/वार्षिक रुपमा गर्ने कुराहरुलाई जोड दिइने छ ।
- जनमुखी प्रशासन संचालन गर्नका लागि समय सापेक्ष सार्वजनिक सुनुवाई तथा विविध कार्यक्रम मार्फत गरेको कार्यहरुको जानकारी दिने तथा सेवा प्रवाहका बारेमा पृष्ठपोषण गर्ने कार्यलाई जोड दिईनेछ ।
- जनगुनासो व्यवस्थापन गर्नलाई विशेष जोड दिईने छ ।
- गाउँपालिकाको कार्य संचालन प्रक्रिया विधिसम्वत बनाउन निर्माण भएको ऐन तथा कार्यविधीहरुको समयानुकुल परिमार्जन गरि कार्यान्वयनमा जोड दिइनेछ ।
- भिमसेनथापा गाउँपालिका अन्तर्गत रहेका ८ वटै वडा कार्यालय र शाखा कार्यालयहरुलाई प्रविधिमार्फत व्यवस्थित र केन्द्रित गर्दै लगिनेछ ।
- गाउँपालिका र विषयगत कार्यालयको दरवन्दीमा रहेका कर्मचारीहरुलाई परिणाममुखी ढङ्गले कामकाजमा खटाईनेछ ।
- समावेशिकरणको अवधारणा अनुरुप कर्मचारीहरुलाई व्यवस्थित गर्दे लगिने छ ।
- ***योजना समन्वय इकाई***को स्थापना गरिने छ ।
- सुशासन ऐनले गरेको पारदर्शिता एवं सेवा प्रवाह सम्वन्धी व्यवस्थाको कार्यान्यवन भए नभएको अनुगमन गरिने छ ।
- भिमसेनथापा गाउँपालिका स्थित सरकारी एव गैर सरकारी सस्थाको सस्थाका कार्यालयहरुको अनुगमन एव निरिक्षण प्रक्रियालाई प्रभावकारी वनाईने छ ।
- गाउँपालिका भित्र कार्यरत गैरसरकारी सस्थाहरुलाई ***गैरसरकारी सस्था सञ्चालन कार्यविधि*** बनाई सेवा प्रवाहलाई प्रभावकारी ढङ्गबाट गरिने छ । गा.पा.मा ***NGO डेक्स स्थापना*** गरिनेछ ।
- दण्ड र पुरस्कारको नीति वस्तुगत एव पारदर्शी ढङ्गले व्यवस्थित गरिने छ ।
- सस्थागत संरचनाहरुलाई समय सापेक्ष रुपले अध्यावधिक गरिने छ ।
- भिमसेनथापा गाउँपालिकालाई आवश्यक पर्ने विभिन्न विनियम तथा कार्यविधि तर्जुमा गर्दै लगिने छ ।
- गाउँपालिका भित्र रहेको विषयगत विशेषज्ञहरुसँग समुहगत अन्तक्रिया कार्यक्रम समय सापेक्ष रुपमा सञ्चालन गरिने छ ।

- गाउँपालिका कार्य सञ्चालन अल्पकालिन तथा दिर्धकालिन रणनीतीहरु बनाई अगाडी बढ्नको लागि आवश्यकता अनुसार समन्वय बैठक गरिने छ ।
- विषयगत कार्यालयहरुमा सेवा प्रवाह सम्बन्धी नागरिक वडापत्र राखिनेछ ।
- कर्मचारीहरुको कार्यसम्पादन करार र कार्य सम्पादन मुल्याकंन अनिबार्य रुपमा गरिने छ ।
- सहस्राब्दी विकास लक्ष्य र राष्ट्रिय नीति तथा रणनितिले प्राप्त गर्न खोजेका सस्थागत विकास लक्ष्य हासिल हुने खालका कार्यक्रम तर्जुमा गर्न जोड दिइनेछ ।

**२४. राजस्व परिचालन सम्बन्धी नीतिहरु :**

- आन्तरिक आयलाई सवल बनाउन राजश्वमा सुधार गरी सहज, सरल र दायरा फराकिलो वनाई सर्वसुलभ बनाइने छ ।
- आन्तरिक आय वृद्धि गर्नका लागि राजश्वका/करका विभिन्न क्षेत्रहरुको अध्ययन गरिने छ ।
- उत्कृष्ट करदातालाई सम्मान गरिने छ ।
- गाउँपालिका भित्रका सम्पुर्ण करयोग्य व्यवसायलाई करको दायरामा ल्याईने छ । एकीकृत सम्पत्ति करलाई यसै आ.व. देखि लागु गरिनेछ ।
- बजार अनुगमनलाई नियमित गर्दै व्यवसाय दर्ता र नविकरण कार्यलाई प्रभावकारी बनाईने छ ।
- आन्तरिक स्रोतको अभिवृद्धिका लागि पूर्वाधारको विकास गरि सेवा शुल्कमा आवद्ध गर्दै लगिनेछ ।
- करसप्ताह कार्यक्रम टोलटोल र वडास्तरसम्म पुग्ने गरी सञ्चालन गरिने छ ।

**२५. सेवा प्रवाहमा विद्युतीय सूचना प्रविधिको प्रयोग सम्बन्धी नीतिहरु :**

- सेवा प्रवाहलाई प्रभावकारी बनाउनको लागि अनलाईन प्रणालीलाई अझ प्रभावकारी बनाईने छ ।

**२६. नागरीक सन्तुष्टी सर्वेक्षण र अन्तरकिया समन्वय जस्ता नीतिहरु :**

- नागरिक सन्तुष्टीको लागि नियमित रुपमा नागरिक सर्वेक्षण फाराम भराउने परिपाटीको थालनी गरिने छ ।
- गाउँपालिकाले गरेका विकास निर्माणका कामका बारेमा नागरिकहरुलाई जानकारी गराउन गाउँपालिका बर्षमा कम्तिमा ३ पटक र वडाहरुले बर्षमा कम्तीमा १ पटक सार्वजनिक सुनवाई गर्ने व्यवस्था गरिने छ । त्यस वाहेक सार्वजनिक लेखा परीक्षण लगायतका कार्यक्रमहरु सञ्चालन गरिने छ ।
- गुनासो व्यवस्थापनलाई प्रभावकारी बनाईने छ ।

**२७. महिला बालबालिका किशोर किशोरी तथा जेष्ठ नागरिक र अपाङ्गता भएकाहरुका लागि समाज कल्याण नीतिः**

- गाउँपालिका क्षेत्रभित्र रहेका अल्पसंख्यक दलित, जनजाति, महिला, एकल महिला र पुरुष, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक बालबालिका र पिछडिएका वर्गको छुट्टाछुट्टै संजाल गठन गरी लक्षित समुदायको सशक्तिकरणमा टेवा पुर्याईने छ ।
- हिंसा तथा उत्पीडनमा परेका मानिसहरुलाई विभिन्न संघसंस्थाहरुको साझेदारीमा मनोसामाजिक परामर्श प्रदान गर्ने र कानुनी उपचारमा आवश्यक सहजीकरण गरिने छ ।
- समुदायमा शान्ति सुरक्षा कायम गर्न सुरक्षा निकायहरुसँग आवश्यक सहकार्य र साझेदारी गरिने छ ।
- पालिकास्तरीय ***एकल महिला सहयोग कोष*** र ***अपाङ्गता सहयोग कोष*** स्थापना गरी उक्त समूहको नागरिकको सिप विकास र दीर्घकालिन सशक्तिकरणमा टेवा पुर्याइने छ ।
- महिला एकल महिला बालबालिका दलित जनजाति अपाङ्गता भएका व्यक्ति जेष्ठ नागरिक असहायहरुको उत्थानको लागि लक्षित वर्ग कार्यक्रम अन्तर्गत सम्बन्धित क्षेत्रमा क्रियाशिल संघसंस्था र गाउँपालिकाको साझेदारीमा सशक्तिकरणका लागि आवश्यक कार्यक्रम संचालन गरिने छ ।
- महिलाको क्षमता विकास र सशक्तिकरण गर्न उपाध्यक्ष महिला लक्षित कार्यक्रम सञ्चालन गरिने छ ।
- लैंगिक हिंसामा परेका महिला तथा वालबालिकाका लागि ***एकिकृत संकटमोचन केन्द्र***को स्थापना र सञ्चालन कार्यको सुरुवात गरिने छ ।
- गाउँपालिका उपाध्यक्ष सशक्तिकरण कार्यक्रम मार्फत पालिकाभित्रका महिलाहरुको रोजगारी सीप विकास तथा समावेशीकरणमा बहस पैरवी गर्न तालिम प्रदान गरिने छ ।
- नेपाल सरकारले जेष्ठ नागरिक एकल महिला तथा अपाङ्गगलाई उपलब्ध गराएको सामाजिक सुरक्षा भत्ता घरघरमा उपलब्ध गराउने कार्यक्रमलाई निरन्तरता दिइने छ । प्रत्येक वर्ष जेष्ठ नागरिक तथा अन्तरजातीय विवाह गर्ने जोडि र सन्तानलाई सम्मान कार्यक्रम गरिने छ ।
- विपन्न तथा वञ्चितिकरणमा परेका महिला वालवालिका जनजाति प्रकोपमा परेका घरपरिवारको तथ्यांक संकलन तथा अद्यावधिक गरिनेछ र यस्तो तथ्यांकको डिजिटल प्रणालीमा व्यवस्थित गरिनेछ ।
- पालिकाले निर्माण गर्ने पूर्वाधार विकासका कार्यहरु बालमैत्री, ज्येष्ठ नागरिक मैत्री एवं अपाङ्गता मैत्री बनाउने नीति अवलम्बन गरिनेछ ।

## २८. न्यायिक समिति सम्बन्धी नीति :

- गाउँपालिकामा न्यायिक समिति र प्रत्येक वडामा मेलमिलाप केन्द्र सञ्चालन कार्यलाई निरन्तरता दिइने छ ।
- न्यायिक समितिमा परेका उजुरीहरुको न्याय सम्पादन गर्न अनुगमनका साथै सहज र सरल पद्धति अपनाइने छ ।
- न्यायिक समितिका पदाधिकारी, कर्मचारी तथा मेलमिलापकर्ताहरुको क्षमता अभिवृद्धिका विभिन्न कार्यक्रमहरु सञ्चालन गरिने छ ।
- न्यायिक समितिको कार्यलाई प्रभावकारी बनाउन एक जना कानुनी सल्लाहाकारको व्यवस्था गरिने छ ।
- न्यायिक समिति र मेलमिलापकर्ता बिच मासिक नियमति बैठक गर्ने व्यवस्था मिलाइने छ ।
- न्यायिक समितिको अन्तरपालिका स्तरिय अन्तरक्रिया तथा अवलोकन भ्रमणको व्यवस्थ मिलाइने छ ।
- कानून जान्नै पर्ने कानूनी प्रावधान रहेकोले महिला दलित अपाङ्ग तथा मूल प्रवाहिकरणमा पछाडी परेका लक्षित समूहहरुलाई कानूनी अभिमुखिकरण सञ्चालनलाई निरन्तरता दिइने छ ।

- असहाय, जेष्ठ, नागरिक, अनाथ बालबालिका, अति विपन्न नागरिकहरुलाई निःशुल्क न्यायिक सेवा प्रदान गरिनेछ ।
- मेलमिलाप पद्बतीलाई न्याय सम्पादनमा जोड दिइनेछ ।
- न्यायिक समितिमा परेका उजुरीहरुलाई अनुगमन गरी न्याय सम्पादन सहज र सरल तरिकाले कार्यान्वयन गरिनेछ ।
- मेलमिलापकर्ता तथा मेलमिलापकेन्द्रहरुको क्षमता विकास गर्दै लगिनेछ ।
- न्यायिक समितिका पदाधिकारी, कर्मचारी तथा मेलमिलापकर्ताहरुको क्षमता अभिबृद्बिका विभिन्न कार्यक्रमहरु ल्याईनेछ ।
- न्यायिक समितिमा पेश भएका विवादहरु विज्ञको राय सल्लाह सुझाव अनुसार मेलमिलाप तथा फैसला गर्दै लगिनेछ ।
- एक मेलमिलाप केन्द्रमा ३ जना मेलमिलापकर्ता अनिवार्य गरिनेछ ।

२८. **अन्य नीतिहरु :**

- गाउँपालिकाको दीर्घकालिन विकासको लागि योजना निर्माण गर्दा दिगो विकासका लक्ष्य र सूचकहरुको आधारमा गरिनेछ ।
- गाउँपालिकाले गर्ने सम्पूर्ण कार्यहरुमा ICT को प्रयोग गरी सेवाग्राही मैत्री बनाईने छ ।
- Digitalisation लाई पूर्ण रुपमा लागु गर्न सो सँग सम्बन्धित कार्यहरु गरिने छ ।
- विदेश तथा स्वदेशका विभिन्न पालिकासंग ***भगिनी सम्बन्ध स्थापना***का लागि प्रक्रिया अगाडी बढाई विभिन्न विषयहरुमा सहकार्य र समन्वय गरी कार्य गरिने छ ।
- भिमसेनथापा गाउँपालिकाको वृहतर हितका लागि औद्योगिक क्षेत्र, हेलिप्याड, हावाइ मैदान, पर्क, खेल मैदान - रंगशाला र रिसोर्ट जस्ता कार्यहरुका लागि र थप अन्य गाउँ पालिका स्तरीय महत्व प्रदेश स्तरीय महत्व र संघ स्तरीय महत्व पुर्ण कार्यहरुका लागि आपसी सल्लाहद्धारा वा जग्गा प्राप्ति ऐन अनुसार आवश्यक पर्ने जग्गाहरु खरिद पहल गरिनेछ ।

(क) **उत्पादन रोजगारी तथा विकास सम्बन्धी नीतिः**

- कृषि सहकार्य समूहहरूलाई उत्पादन समुहको रुपमा परिचालन गर्ने ।
- श्रम सहकारी गठन गरी उत्पादन कार्यका लागि परिचालन गर्ने ।
- रोजगारी र उत्पादन क्षेत्रको खोजी र पहिचान गर्ने ।
- कृषि र जडिबुटी जन्य उद्योग स्थापनाका लागि पहल गर्ने ।
- उत्पादनमा जनपरिचालन गर्ने विविध तालिमको व्यवस्था गरी जन शक्ति र क्षमता विकास गर्न र नेतृत्व प्रदान गर्ने ।
- भूमिहीन, दलित तथा श्रममा मात्र आश्रित गरिब, उत्पीडित श्रमिकहरुलाई प्राथमिकता दिई कृषि सहकार्य समूह, श्रम, सहकारी उत्पादन सहकारी र वित्तीय सहकारी मार्फत काम सहितको मामको व्यवस्था गर्ने ।

- पालिकामा बनेका कृषि सहकार्य समूहलाई प्रति समूह १० लाखसम्मको सहुलियत ऋण उपलब्ध गराई कृषि कार्यमा लगानी गर्ने ।
- गरिबहरूको पहिचान गरी सबैको अनिवार्य स्वास्थ्य बीमा गर्ने र घर बास नभएका सबैलाई घर बासको व्यवस्था गर्ने । सुकुम्वासीहरुलाई जग्गाधनी पूर्जा उपलब्ध गराउने ।
- वातावरणीय र सामाजिक स्वच्छता कायम गर्न लागि पर्ने ।

(ख) **सामाजिक सांस्कृतिक रूपान्तरण:**

- आधारभूत सामाजिक मूल्य मान्यता कायम गर्ने र निरन्तर पालनामा जोड दिने ।
- परम्परागत रूपमा रहदै आएका राम्रा साँस्कृतिक मूल्य मान्यतालाई अगाडि बढाउने, तिनको प्रचार प्रसार गर्ने ।
- नैतिक मूल्य मान्यताको अनुशरण गर्ने, गराउने ।
- युवाहरूलाई विभिन्न खालका कुलत, अराजकताबाट बचाउने, परिश्रमी बनाउने र श्रृजनशील बनाउने । बालबालिकाहरूलाई भावि समाजको समग्र नेतृत्व विकासका लागि आधार तयार पार्ने ।
- प्रारम्भिक कक्षा देखि ८ कक्षासम्म अनुशासन, नैतिकता, राष्ट्रियता, समानता, स्वयमसेवी भावना, स्वावलम्बी, श्रमप्रतिको सम्मान, समाज विकासको प्रक्रियाका साथै वैज्ञानिक दृष्टिकोण निर्माणको बाटोमा अगाडि बढ्न प्रशिक्षित गर्न आवश्यक पाठयक्रमसहित अतिरिक्त कक्षा सञ्चालन गर्ने ।
- जेष्ठ नागरिक, बालबालिका, अपाङ्गता भएका व्यक्तिहरू, टुहुरा बालबालिका तथा असहायहरूलाई संरक्षण तथा सहयोग गर्ने ।
- जनयुद्ध, जनआन्दोलन तथा अन्य संघर्षका क्रममा बलिदान गर्ने शहीदहरूप्रति उच्च सम्मान, परिवारहरूलाई विभिन्न सहकारी समूहमा संगठित गरी परिचालनका साथै घाइते अपाङ्गहरूलाई सहयोग गर्ने ।
- जनप्रतिनिधि तथा स्थानीय सरकार अन्तर्गत काम गर्ने कर्मचारी, स्वयमसेवक, प्रहरी, शिक्षक सबैलाई कार्य सम्पादन, जनसम्बन्ध, प्रशासन, लगायतका विषयमा तालिम दिने, अनुगमन गर्ने, कार्वाही र पुरस्कारको व्यवस्था गर्ने । मासिक समीक्षा तथा मूल्याङ्कन गर्ने ।
- समाजमा विद्यमान वर्गीय, जातीय, सामाजिक, सांस्कृतिक, लिङ्गीय विभेद, उच-निच अन्त्य गर्न जनतालाई सक्रिय बनाउनुको साथै सामाजिक एकता, सदभाव र सहिष्णुता कायम गर्ने । बहुबिवाह, बालबिवाह, अनमेल बिवाह, महिला हिंसा आदिलाई अन्त्य गर्दै प्रेम सम्बन्ध तथा आपसी सहमतीय, प्रेममा आधारित विवाहलाई प्रोत्साहित गर्ने । अन्तरजातीय विवाहलाई प्रोत्साहित गरी समाजमा स्थापित गर्नै ।
- जेष्ठ नागरिक संरक्षण, असाहयहरूको संरक्षण, बालमैत्री व्यवहार साथै माया र स्नेहभावको विकास गर्ने ।
- समाजमा माटोप्रतिको माया, राष्ट्रभक्ति, परिश्रमी, उद्यमी हुने र आत्मनिर्भर बन्ने संस्कारको थप विकास गर्ने ।
- राज्य सञ्चालक, सरकारमा रहेर काम गर्ने जनप्रतिनिधि, सामाजिक अगुवा, प्रशासनिक र प्राविधिक निकाय, जनसेवा, न्यायपूर्ण, समानतामा आधारित पारदर्शी, विनयशील र व्यवहार कुशल बनाई जनतासँग एकाकार भएर जनतालाई हरदम उत्साहित बनाइराख्ने ।
- समाजको हरेक पंक्तिलाई प्रभावकारी रूपमा आफ्नो भूमिका खेल्न परिश्रमी, इमान्दार, फारोतिनो गर्ने बानी, सहयोगी र सामूहिक भावनाको विकास गर्ने, सही विचारको आत्मसातीकरण गर्दै आम चेतना विकास गर्ने ।

- सही र गलत, साँचो र झुटो, खराब र असल स्वीकार्य र अस्वीकार्य, सामाजिक हित र अहित, प्रगति र दुर्गतिको स्पष्ट पहिचान गर्ने । दुरूत्साहन र प्रोत्साहनको नीति लागु गर्ने ।
- आफ्नो जीवन उत्सर्ग गरेर सामाजिक परिर्वतन गर्ने महान शहीदहरूप्रति सम्मान गर्ने र प्रेरणा लिने सँस्कृतिलाई आत्मसात गर्ने ।
- सामाजलाई निरन्तर प्रगतिको मार्गमा उठाउन, नयाँ-नयाँ अनुसन्धान, खोज, नयाँ प्रविधिको प्रयोगका साथै शिक्षामा निरन्तर सुधार गर्न थप सहयोग गरी *एक नविनतम् अन्वेषण (आविष्कार केन्द्र)* को स्थापना गर्ने ।
- भ्रष्टाचार बिरुद्ध अभियान, हिसाव किताबलाई जनताका बीचमा राख्ने, गैर कानुनी सम्पत्ति आर्जन, शोषण, सुदखोरी, चोरी, लुटपाट, गुण्डागर्दी, प्राकृतिक श्रोतको दुरूपयोग आदि विरूद्ध खबरदारी गर्ने ।
- जनपक्षीय नीति लागु गर्ने । "जनपक्षीय नीतिमा आवद्ध हुनु भनेको जनता समाजको भविष्य र भाग्यको निर्माण गर्ने मौलिक शक्ति हुन भन्ने मान्यतालाई आत्मसाथ गर्ने ।
- नेतृत्व, जनप्रतिनिधि तथा समाजिक अगुवाहरूका उदाहरणीय कामहरूलाई स्थापित गर्ने र गलत काम कार्वाही गरेमा तिनको आलोचना गर्ने र नसच्चिएमा भण्डाफोर गर्ने ।

प्रस्तावित नीति तथा कार्यक्रमको सफल कार्यान्वयनबाट उच्चदरको आर्थिक वृद्धि, सामाजिक आर्थिक क्षेत्र गतिशील भै आर्थिक वृद्धि र पारस्पारिक सम्मान र अवसर सहित सामाजिक न्याय कायम हुनेछ । यो नीति तथा कार्यक्रम कार्यान्वयनमा सबैबाट सक्रिय सहयोग हुने विश्वास लिएको छु । अन्तमा भिमसेनथापा गाउँपालिकाको समग्र विकासमा योगदान गर्ने राजनीतिक दल, राष्ट्रसेवक कर्मचारी, नीजिक्षेत्र, सहकारी र सामुदायिक क्षेत्र, श्रमिक वर्ग, नागरिक समाज, सञ्चार जगत लगायत सम्पूर्ण दिदिबहिनी दाजुभाई तथा विकास साझेदार संस्थाहरुलाई हार्दिक धन्यवाद दिन चाहान्छु ।

गाउँपालिकाले लिएको नीति तथा कार्यक्रम मार्फत लिएको अभियानलाई सफल पार्न हामी सवैले नेतृत्वदायी भूमिका खेल्नुपर्छ । योजना निर्माण र कार्यान्वयनमा स्पस्ट भएर अघि बढ्नु अबको आवाश्यकता हो । पालिका भित्रका सवै वडाहरुलाई नमुना बनाउने गरी भीमसेन थापा गाउँपालिकाका जनताले सुम्पिएको जिम्मेवारीमा हामी जनप्रतिनिधि तथा राष्ट्रसेवक कर्मचारी मिलेर निस्वार्थ पूरा गर्नुछ । जनयुद्ध, शान्तिपूर्ण जनआन्दोलन सहित परिवर्तनका लागि भएका सवै खालका सर्घषबाट प्राप्त राजनीतिक परिवर्तनलाई आत्मासाथ गर्दै हामीलाई समाजवादको आधार तयार गरेर अघि बढ्न एउटा सुनौलो अवसर प्राप्त भएको छ । यहीँ परिवर्तनको जगमा टेकेर समाजवादी समाज निर्माण तिर अगाडि बढ्नु अपरिहार्य छ ।

हामीले जनताबीच गरेका प्रतिबद्धताहरुलाई हरेक क्षण हरेक पल स्मरण गर्दै भिमसेन थापा गाउँपालिकामा गरिबीको अन्त्य गरेर, सामाजिक न्याय स्थापना गर्दै समतामूलक समाज निर्माण गर्न सक्नै पर्छ । यो अवसर आज हामीलाई मात्र प्राप्त छ । गाउँपालिकाबासी नागरिकहरुको सुशासन, परिवर्तन, बिकास र सम्बृद्धिको चाहाना पुरा गर्न सक्दा मात्र हाम्रो राजनीतिक औचित्य पुष्टि गर्न सक्नेछौं । तसर्थ अब हामी स्वयम जिम्मेवार भएर आफूलाई नेतृत्वदायी भूमिकामा स्थापित गर्नुपर्दछ ।

हिजोको वर्ग संघर्ष जति कठिन थियो आजको उत्पादन संघर्ष वा विकास र समृद्धि पनि त्यो भन्दा कम कठिन छैन । तर यो नयाँ संघर्षमा विजय प्रात्तिका लागि हिजोका संघर्षमा झैँ दृढ इच्छाशक्ति, व्यवस्थित संगठन र योजनाबद्धता, प्रचार प्रसार जरूरी छ । यो केवल धनी हुने कुरा मात्र होइन मानव जीवनलाई सरल र सहज बनाउँदै समानता र

स्वतन्त्रतातर्फ सिंगो गाउँपालिकालाई लैजाने महान अभियानमा हामी दृढ संकल्पका साथ अघि बढ्नु आजको आवश्यकता हो ।

हामी सामाजिक न्यायसहितको समृद्धि चाहन्छौ नकि आर्थिक समृद्धि मात्र । भिमसेनथापा गाउँ कार्यपालिकाको नेतृत्व गर्ने हरेक सदस्यहरूले अब आफूलाई उत्पादनको संघर्षमा होमेर योग्य व्यवस्थापक, योग्य नेतृत्व र सच्चा जनसेवक सावित गर्नु जरुरी छ । पाँच वर्षे यो रणनीतिक अभियानको एक वर्ष पुरा भइसकेको छ । अबको ४ बर्षमा हामीलाई कतै दाँयाबाँया गर्ने छुट कदापी छैन । गाउँपालिकाको विकासका लागि योजनावद्ध ढंगले साथसाथै हामी अघि वढ्नेछौं ।

**सभासद्ज्यूहरु,**

तपाई हाम्रा लागि सामाजिक रूपान्तरणको नेतृत्वको रूपमा आफूलाई सक्षम सावित गर्ने यो एउटा महान अवसर हो । यो अवसरलाई सही सदुपयोग गरेर अघि बढ्न हाम्रा परिवर्तनको हुटहुटीलाई कसैले रोक्न सक्नेछैन । आर्थिक समृद्धि समाजवादी रूपान्तरणको पहिलो सर्त हो । आर्थिक समृद्धिबिना जनताको जीवनस्तरमा परिवर्तन आउन सक्दैन । जनताको जीवन स्तरमा सकारात्मक परिवर्तनबिना सामाजिक रूपान्तरणको अभियान सफल हुँदैन । सामाजिक रूपान्तरण बिना नेपालको संविधानले दिशानिर्देश गरेको समाजवाद स्थापनाको सपना साकार हुन सक्दैन । तसर्थ यो बाह्रौं अधिवेशनमा यिनै नीति, योजना र कार्यक्रम अनुरुप बजेट निर्माण गरि कार्यान्वयनमा जुट्न यहाँहरुको रचनात्मक सहयोग र सक्रिय साथको अपेक्षा गर्दछु । **धन्यवाद ! नमस्कार !**